
# लेखापरीक्षण प्रतिवेदन

# शुक्लाफाँटा नगरपालिका, कंचनपुर

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## शुक्लाफाँटा नगरपालिका, कंचनपुर

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/60

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
शुक्लाफाँटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
कंचनपुर।

**कैफियतसहितको राय**

हामीले शुक्लाफाँटा नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान ( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकालाई प्राप्त हुने सबै प्रकारको राजश्व, नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम स्थानीय संचित कोषमा जम्मा हुने व्यवस्था छ। पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १९ करोड ३० लाख ४३ हजार, स्वास्थ्य क्षेत्र सुधार

कार्यक्रमको रु. ९१ लाख ५६ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १४ हजार, शिक्षा तथा मानवस्रोत विकास केन्द्रको रु. ४ लाख १६ हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजना रु.२ लाख र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु. १ करोड ३२ लाख ६८ हजार समेत गरी रु. २१ करोड ६४ लाख ९९ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. १ अर्ब ५८ करोड ४१ लाख ३९ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड १३ लाख १९ हजार (०.७१ प्रतिशत) बेरुजू देखिएको छ। सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिकृया प्राप्त भएको छैन। पालिकाको असुल गर्नुपर्ने रू. ११ लाख ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४८ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु. ४७ लाख ८४ हजार र पेस्की बाँकी रु. ५ लाख ३५ हजार बेरुजु रहेको छ। गत वर्षसम्म रु. ९ करोड ४६ लाख ४२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ५९ लाख ६१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**


लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

## बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९७ | ८१ | १,१३,१९,७०१ | ० | ० | ० | ० | ९७ | ८१ | १,१३,१९,७०१ | ११,०७,३८६ | ४७,८४,३९८ | ४८,९२,९१७ | ० | ० | ९६,७७,३१५ | ५,३५,००० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कञ्चनपुर | ९,४६,४२,००० | ० | ० | ९,४६,४२,००० | ० | १,१३,१९,७०१ | १०,५९,६१,७०१ |

# (८०७७६४०७३०० - शुक्लाफाँटा नगरपालिका, कंचनपुर )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १२ वडा रहेका छन् भने क्षेत्रफल १६२.५७ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना, २०७८ अनुसार ६३६६७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।०२ देखि २०८१।०९।०५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको रु. १ अर्ब ५८ करोड ४१ लाख ३९ हजार ६७८ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९०५१७।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| सि.नं. | विवरण | रकम रू. |
|---|---|---|
| १ | हरिदत्त भट्टलाई बढी तलब भुक्तानी भएको रकम मिति २०८०।१०।१३ मा भौचर नं. ५६८५२९५ बाट दाखिला भएको। | ३८२१ |
| २ | मन्जु कुमारी साउद कार्कीलाई बढी तलब भुक्तानी भएको रकम मिति २०८०।१०।१३ मा भौचर नं. ५६८५२९३ बाट दाखिला भएको। | ३८२१ |
| ३ | प्रतिमा न्यौपानेलाई बढी तलब भुक्तानी भएको रकम मिति २०८०।१०।१३ मा भौचर नं. ५६८५२९१ बाट दाखिला भएको। | ३८२१ |
| ४ | सविता विष्टलाई बढी तलब भुक्तानी भएको रकम मिति २०८०।१०।१४ मा भौचर नं. ५६८५२९६ बाट दाखिला भएको। | ३८२१ |
| ५ | गोदावरी कुमारी महता ऐडीलाई बढी तलब भुक्तानी भएको रकम मिति २०८०।१०।१४ मा भौचर नं. ५६८५२९७ बाट दाखिला भएको। | ३८२१ |
| ६ | पुजा कुमारी भट्टलाई बढी तलब भुक्तानी भएको रकम मिति २०८०।१०।१४ मा भौचर नं. ५६८५२९९ बाट दाखिला भएको। | ३८२१ |
| ७ | शारदा कुमारी भारतीलाई बढी तलब भुक्तानी भएको रकम मिति २०८०।१०।१५ मा भौचर नं. ५६८५३०० बाट दाखिला भएको | ३८२१ |
| ८ | लोकेन्द्र बहादुर ऐरलाई बढी ग्रेड भुक्तानी भएको रकम मिति २०८०।१०।११ मा भौचर नं. ५६८५२८८ बाट दाखिला भएको | ११०६६ |
| ९ | पदम बहादुर महरालाई बढी ग्रेड भुक्तानी भएको रकम मिति २०८०।१०।१३ मा भौचर नं. ५६८५२९० बाट दाखिला भएको | ११०६६ |
| १० | गंगा बस्नेतलाई बढी ग्रेड भुक्तानी भएको रकम मिति २०८०।१०।१३ मा भौचर नं. ५६८५२८९ बाट दाखिला भएको | ३२०३ |
| ११ | चेतना थापालाई बढी तलब भुक्तानी भएको रकम मिति २०८०।१०।१५ मा भौचर नं. ५६८४२६६ बाट दाखिला भएको। | १२७४ |
| १२ | टिकेन्द्रराज भट्टलाई बढी ग्रेड भुक्तानी भएको रकम मिति २०८०।१०।१८ मा रसिद नं. ७८२ बाट दाखिला भएको। | ३७१६१ |
| जम्मा | | ९०५१७ |

**(ज) वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सि.नं | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ७९६००९ १३.९६ | १ | **चालु खर्च** | ३८२७४१७४९.९५ | ३८२७४१७५० |
| | संचित कोष | ५९१७८६ ५८.८५ | | २ | **पूँजीगत खर्च** | १६४१९९९८०.१६ | १६४१९९९८०.२ |
| | धरौटी | १३१३०० ५६.६६ | | ३ | **धरौटी फिर्ता** | ४८०८६७९. | ४८०८६७९ |
| | कार्यसञ्चालन कोष | ७२९२१९ ८.४५ | | ४ | **कोष फिर्ता** | १२७७७३८२.२८ | १२७७७३८२.२८ |
| २ | **राजस्व (आन्तरिक आय)** | | १४३०९१ ४०२.३९ | ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | २१६४९९२३७.५ |
| | क) आन्तरिक राजस्व | २०३०९० ६६.१६ | | | क) सामाजिक सुरक्षा | १९३०४३००२ | |
| | ख) राजस्व बाँडफाँड | १२२७८२ ३३६.२३ | | | ख) स्थास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९१५६९९६.५ | |
| | ग) अन्य आय | ० | | | ग)गरिबसँगविश्वेश्वर कार्यक्रम | ४१४०५२. | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ३८४०७८ ००० | | घ) राष्ट्रपति महिला सशक्तिकरण परियोजना | २००००० . | |
| | क) वित्तिय समानीकरण अनुदान | १२८२४७ ०००. | | | ङ) शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ४१६७६०. | |
| | ख) सशर्त अनुदान | २३३३३१ ००० | | | च) एकिकृत स्वास्थ्य पुर्वाधार विकास | १३२६८४२७ | |
| | ग) समपूरक अनुदान | १८५००० ००. | | ६ | **अनुदान फिर्ता** | १६४९६७३४.९७ | १६४९६७३४.९७ |
| | घ) विशेष अनुदान | ४००००० ०. | | ७ | **मौज्दात** | | ६८६९३०६५.१३ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २४८४३४ ७६. | | संचित कोष | ४७७५३०७२.१६ | |
| | क) वित्तिय समानीकरण | १२१४९० ००. | | | धरौटी | १४९७८८११.५२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | | |
| | ख) सशर्त अनुदान | ५३५०००० | | | कार्यसञ्चालन कोष | ५९६११८१.४५ | |
| | ग) समपुरक अनुदान | ४७४५४८०. | | | | | |
| | घ) विशेष अनुदान | २५९८९९६. | | | | | |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | २१६४९९२३७.५ | | | | |
| | क) सामाजिक सुरक्षा | १९३०४३००२ | | | | | |
| | ख) स्थास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९१५६९९६.५ | | | | | |
| | ग)गरिबसँगविश्वेश्वर कार्यक्रम | ४१४०५२ | | | | | |
| | घ) राष्ट्रपति महिला सशक्तिकरण परियोजना | २००००० | | | | | |
| | ङ) शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ४१६७६० | | | | | |
| | च) एकिकृत स्वास्थ्य पुर्वाधार विकास | १३२६८४२७ | | | | | |
| **६** | **विभिन्न कोषतर्फको आय** | ११४४६३६५.२८ | ११४४६३६५.२८ | | | | |
| **७** | **धरौटी आय** | ६६५७४३३.८६ | ६६५७४३३.८६ | | | | |
| | **जम्मा** | **८६६२१६८२८.७९** | **८६६२१६८२८.७९** | | **जम्मा** | **८६६२१६८२८.७९** | **८६६२१६८२८.७९** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही

प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१९,३०,४३,००१.८०, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.९१,५६,९९६.५०, गरिबसँग विश्वेश्वर कार्यक्रम रु.४,१४,०५२ शिक्षा तथा मानवस्रोत विकास केन्द्र रु.४,१६,७६०, राष्ट्रपति महिला सशक्तिकरण परियोजना रु.२,००,००० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु.१,३२,६८,४२७ समेत गरी रु.२१,६४,९९,२३७.३० खर्च सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.२१६४९९२३७.३० र यस वर्षको भुक्तानी रु. २१६४९९२३७.३० रहेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गत वर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ७९६००९१.९६ | ५७०११६६७७.५३ | ५८१०२४५२६.३६ | ६८६९३०६५.१३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७९६००९१.९६ | ७८६६१५९१४.८३ | ७९७५२३७६३.६६ | ६८६९३०६५.१३ |
| फरक | ० | २१६४९९२३७.३० | २१६४९९२३७.३० | ० |

२.३ **क) सञ्चित कोषमा जम्मा (ट्रान्सफर)-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाकोआन्तरिकराजस्व खाता रू. ३४९६४३२।००, बाँडफाँडबाटप्राप्त राजस्व खाता रू. ४०८११०० चालु खर्च खातामा रु.४०९१७७९ र पुँजीगत खातामा रु. ८१००६२६ समेत रु.१९७६९९३७।०० मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

**ख) बैङ्क हिसाब विवरण**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबारआय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | श्रेस्ताअनुसार | बैंकअनुसार | फरक |
|---|---|---|---|
| आन्तरिकराजस्व खाता | ० | ३,४९६,४३२.०० | ३४९६४३२ |
| बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ४०८११०० | ४०८११०० |
| आन्तरिकअनुदान खाता | ० | १३५६७७४ | १३५६७७४ |
| स्थानीयतह सञ्चित कोष खाता | ४७७५३०७२.१६ | २६६२३३६१. | -२११२९७११ |
| स्थानीयतह धरौटी खाता | १४९७८८११.५२ | १४९७८८११.५२ | ० |
| चालूखर्च खाता-विजोर वर्ष | ०.०० | ४०९१७७९ | ४०९१७७९ |
| पूँजिगत खर्च खाता-विजोर वर्ष | ० | ८१००६२६ | ८१००६२६ |
| स्थानीयतह विविध कोष खाता | १८६१२२७.२ | १८६१२२७. | ० |
| विविध खर्च खाता | ३७१०१५.२५ | ४५२३३१.२५ | ८१३१६ |
| स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | ३७२८९३९. | ३७२८९३९. | ० |
| जम्मा | ६८६९३०६५.१३ | ६८७७१३८०.०७ | ७८३१५ |

स्रेस्ता अनुसार मौज्दात रू. ६८६९३०६५।१३ र बैङ्क स्टेटमेन्टनुसार वर्षान्तको मौज्दात रु. ६८७७१३८०।०७ देखिएकोमा पालिकाले घटी बैंक मैज्दात सम्बन्धमा यकिन गर्नुपर्दछ। रु.

| प्रमाण पेश नगरेको | ७८,३१५ |
|---|---|

२.४ **अनुदान फिर्ता**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू. १६४९६७३४.९७।०० संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

| **अनुदान** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता हुनुपर्ने** | **फिर्ताभएको** | **फरक** |
|---|---|---|---|---|---|
| संघ शर्सत(चालु) | २१८८३१०००. | २०७७७२५५६.०३ | ११०५८४४३.९७ | ११०५८४४३.९७ | ०.०० |
| संघ शर्सत(पुँजिगत) | १४५००००००. | १२६८८७२९. | १८११२७१.०० | १८११२७१. | ०.०० |
| संघ (विषेश अनुदान पुजिगत) | ४००००००. | ४००००००. | ०.०० | ०. | ०.०० |
| संघ(समपुरक अनुदान पुँजीगत) | १८५०००००. | १८५०००००. | ०.०० | ०. | ०.०० |
| प्रदेश शर्सत(चालु) | ५५००००. | ४९०५७९. | ५९४२१.०० | ५९४२१. | ०.०० |
| प्रदेश शर्सत(पुँजिगत) | ४८०००००. | ३१८३३९३. | १६१६६०७.०० | १६१६६०७. | ०.०० |
| प्रदेश विशेष(चालु) | २५९८९९६. | २५९८९९६. | | | |
| प्रदेश समपुरक अनुदान(पुँजीगत) | ४७४५४८०. | २७९४४८८. | १९५०९९२.०० | १९५०९९२. | ०.०० |
| जम्मा | २६८५२५४७६. | २५२०२८७४१.०३ | १६४९६७३४.९७ | १६४९६७३४.९७ | ०. |

२.५ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.९३३७९७७४.४६ मौज्दात रहेकोमा यो वर्ष रु.७९६००९१३.९६ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१३७७८८६०.६० घटी जिम्मेवारी सारेको देखिन्छ। सुत्रवाट प्राप्त मलेप फा. नं. २७० एकिकृत आर्थिक विवरण अनुसार पालिकाको आव २०७९/८० मा रु.७९६००९१३.९६ मौज्दात रहेकोमा आर्थिक वर्ष २०८०/८१ को मलेप फारम नं.२७० एकीकृत वित्तीय विवरण अनुसार रु.७९६००९१३.९६ शुरुवाती जिम्मेवारी सारेको देखिन्छ। पालिकाले सो सम्बन्धमा यकिन गर्नुपर्दछ।

२.६ **कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.७८,८६० देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,८६० |

३ **आन्तरिक नियन्त्रण प्राणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· बिभिन्न म. ले. प. फा. नं. का अतिरिक्तआन्तरिक नियन्त्रणसम्वन्धि प्रयोजनका लागि निर्धारित म. ले. प. फा नं. मध्येसवारी साधन र मेसिन प्रयोगको लगबुक९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता९०८, भ्रमणप्रतिबेदन ९०९र म. ले. प. फा. नं. २०२ भुक्तानी कारोबारको सिफारिस पत्र पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालनागरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म. ले. प. फा. नं. ५०७),

· सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

· वातावरणसंरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· प्रदेश निजामती सेवा ऐन, बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामकोकार्य विवरण वनाई लागु गरेको पाईएन,

· सूचनाअधिकारीकोकाम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको मागसोअनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेकोपाईएन,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिमरु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथापालनागराएकोसम्वन्धीअभिलेख राखेकोपाइएन ,

· स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेकोपाईएन,

· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्नेव्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेकोपाईएन,

· स्थानीयतहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमाअधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएता पनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरीपूर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेकोपाईएन, साथै यस बर्ष निर्माण गरेका सबै पूँजीगत कार्यको फोटो राख्ने गरेको पाइएन,

· दिगो विकास लक्ष्य (सन२०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भएगरेको पाईएन,

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेखअध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ४ आन्तरिक आयतर्फ

४.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,००,५१,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२,०३,०९,०६६.१६ (१०१.२९ प्रतिशत) आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

४.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २४,९२,३३,२८५.०३ | २,०३,०९,०६६.१६ | ८.१५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.१५ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४.३ **कर तथा शुल्क असुली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पति कर | १२१०००० | १६४४८९२.२८ | १३५.९४ |
| भूमिकर/मालपोत कर | ६०५०००० | २६१४८८२ | ४३.२२ |
| बहाल कर | ३६६००० | २१४८६३५.८८ | ५८७.०६ |
| बहाल बिरौटी कर | १२१०००० | २४२०७९३.६० | २०० |
| सवारी साधन कर | ६१६००० | ० | ० |
| व्यवसायले भुक्तानी गर्ने | ० | १४४३७७६ | १४४३७७६ |
| कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ५७६३० | ५७६३० |
| अन्य कर | १५८७००० | १६८४७८८.५ | १०६.१६ |
| सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ३६३००० | ९५५९७५ | २६३.३५ |
| अन्य बिक्रिबाट प्राप्त रकम | १२१०००० | ० | ० |
| अन्य सेवा शुल्क तथा बिक्री | ९०८००० | १०७३८ | ११८.२६ |
| न्यायिक दस्तुर | ० | ४२५० | ४२५० |
| परीक्षा शुल्क | ६१००० | ० | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | १२२००० | १००० | ०.८२ |
| नक्सा पास दस्तुर | ६३३००० | ३९२०४९.९० | ६१.९४ |
| सिफारिस दस्तुर | २४२०००० | २४३७१६० | १००.७१ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १२१००० | ५३२०९० | ४३९.७४ |
| नाता प्रमाणित दस्तुर | ६१००० | ५०९९८ | ८३.६० |
| अन्य दस्तुर | ० | १२७५३०६ | १२७५३०६ |
| व्यवसाय रजिष्ट्रशन दस्तुर | २८८२००० | ३१३०५० | १०.८६ |
| रेडियो।एफ.एम संचालन दस्तुर | ११००० | ० | ० |
| विधुत सम्बन्धी दस्तुर | ० | १८०० | |
| प्रशासनिक दण्ड जरिवाना दस्तुर | ० | ३६००७६ | |
| अन्य राजस्व | ० | १०६८४०१ | |
| बेरुजु | २२०००० | ८९०७७४ | |
| जम्मा | २००५१००० | २०३०९०६६.१६ | १०१.२९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

४.४ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आ.व. | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७८/७९ | १८६१७००० | १८४६५९४९.२३ | ९९.१९ |
| २०७९/८० | २००५१००० | २३५४८४०८.७९ | ११७.४४ |
| २०८०/८१ | २००५१००० | २०३०९०६६.१६ | १०१.२९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७८/७९ मा आय अनुमान रु.१८६१७००० गरिएकोमा रु.१८४६५९४९.२३ अर्थात ९९.१९ प्रतिशत संकलन भएको छ त्यसै गरी आ.व. २०७९/८० मा रु.२००५१००० आय अनुमान गरिएकोमा रु.२३५४८४०८.७९अर्थात ११७.४४ प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८०/८१ मा रु.२००५१००० आय अनुमान गरिएकोमारु.२०३०९०६६.१६अर्थात १०१.२९ प्रतिशतआयप्राप्त भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय बढ्दो क्रममा भएता पनि पालिकाको प्रशासनिक खर्चको तुलनामा न्यून रहेको देखिन्छ। अत: पालिकालेआफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

४.५ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

४.६ **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०/८१ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

४.७ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ९ को बुदा न ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानुनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्याख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

४.८ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३,१३,०५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

४.९ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको

देखिएन। पालिकाले लेखापरीक्षणको क्रममा सम्पूर्ण नगदी रसिद ठेलीहरु पेश नगरेको कारण नगदी रसिदहरुबाट प्राप्त राजस्वको सम्बन्धमा एकिन हुन सकिएन। अघिल्लो आ.व.को बाँकी रसिद ठेलीहरु तथा यस आर्थिक वर्षमा के कति नगदी रसिद ठेलीहरु छपाइ गरी राजस्व संकलन गरियो भन्ने सम्बन्धमा समेत एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो।

४.१० **रसिद नियन्त्रण खाता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। सोही दफा ७२(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले राजश्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। पालिकाले म.ले.प.फा.नं. ९०४ बमोजिम रसिदको प्रयोगलाई रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनुपर्दछ।

## ५ परिपालनाको लेखापरीक्षण

५.१ **आवधिक योजना** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छ। आवधिक योजनाले प्राथामिकीकरण गरेको विषयलाई आधार मानी बजेट सुनिश्चित भएको देखिएन। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको कार्यान्वयन गर्नुपर्दछ।

५.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

५.४ **बजेट पेश, पारित र अख्तियारी** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार

मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखलेमिति २०८०।०३।०७ मा रु.८८ करोड ०७ लाख ९६ हजार को बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। ऐनले तोकेको समयभित्र प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिई आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

५.५ **बजेट अवण्डा** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले दिएको विवरणअनुसार यस पालिकाले यो वर्ष रु.४,५७,००,००० अबण्डा बजेट व्यवस्था गरी विभिन्न १८ योजनामा रु.३,०१,०५,००० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| आ.व. | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७८/७९ | १८६१७००० | १८४६५९४९.२३ | ९९.१९ |
| २०७९/८० | २००५१००० | २३५४८४०८.७९ | ११७.४४ |
| २०८०/८१ | २००५१००० | २०३०९०६६.१६ | १०१.२९ |

५.६ **योजना प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची - ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलकरोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल ५९४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २३१ | ४४ | ५८ | १२९ |
| २. | वडास्तरीय | ३६३ | ० | १३ | ३५० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५९२ योजनामात्र कार्यान्वयन भई २ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

५.७ **लक्ष्य प्रगति** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकाको वार्षिक प्रगति विवरण निम्नानुसार रहेको छ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५९४ | २ | ० | १ | ५९१ |

पालिकाबाट यस वर्ष सञ्चालित २ योजनामा शुन्य प्रगति भएको छन्।योजनाहरुको प्राथमिकीकरणका आधारमा बजेट विनियोजन भई कार्यान्वयन भएको देखिदैन। योजना तथा कार्यक्रमको शुन्य प्रगति हुनुले कार्यालयको अपेक्षित लक्ष्य र प्रगति हासिल हुन सक्दैन।यसर्थ प्राथमिकीकरण गरी कार्यान्वयन योग्य कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नु पर्दछ।

५.८ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६,४१,९९,९८० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

५.९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** -स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८०।८०१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१६१०००० | १९००१५३६ | ३.४९ |
| २ | पूर्वाधार विकास | १५१४४७०७० | १०८३६३७८४.८६ | १९.८१ |
| ३ | सामाजिक विकास | ३२८०४१४१४.६५ | २८७८५०५२२.९३ | ५२.६३ |
| ४ | सुशासनर अन्तरसम्बन्धित क्षेत्र | ८७१४००० | ७८३१०४२.६० | १.४३ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १४७२२५१७४.२० | १२३८९४८४३.७२ | २२.६४ |
| **जम्मा** | | ६५७०३७६५८.८५ | ५४६९४१७३०.११ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४९.९३ प्रतिशत र सुशासन र अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.३३ प्रतिशत रहेको छ।

५.१० **खर्च बिश्लेषण** - पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.२,०३,०९,०६६.१६ राजस्व बाँडफाँड र अनुदानबाट रु.५३,१७,०३,८१२.२३ समेत रु.५५,२०,१२,८७८.३९ आम्दानी भएकोमा चालु तर्फ रु.३८,२७,४१,७४९.९५ र पूँजिगत तर्फ रु.१६,४१,९९,९८०.१६ समेत रु.५४,६९,४१,७३०.११ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.७२ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.१,१०,७७,६०० खर्च भएको छ जुन आन्तरिक आयको ५४.५५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.९८ प्रतिशत चालु र ३०.०२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

५.११ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाकोखर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १६,४१,९९,९८०.१६ | ० | ३६५२६१५६.३० | २८२०७६९८ | ९९४६६१२५.८६ | ७८०३६११६ |
| प्रतिशत | १०० | ० | २२.२४ | १७.१८ | ६०.५८ | ४७.५३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१६,४१,९९,९८०.१६ निकासा भएकोमा प्रथम त्रैमासिकमा ० अर्थात शून्य प्रतिशत, दोस्रो त्रैमासिकमा रु.३६५२६१५६.३० अर्थात २२.२४ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.२८२०७६९८ अर्थात १७.१८ प्रतिशत र चौथो त्रैमासिकमा रु.९९४६६१२५.८६ अर्थात ६०.५८ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.७८०३६११६ अर्थात ४७.५३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५.१२ **रकमान्तर गरी खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम १०५ कार्यक्रम घटाई १३२ कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु.१०,५२,३६,२७१.८५ रकमान्तर गरी अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले विनियोजन ऐनमा ब्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ।

| क्र.स. | स्वीकृत आयोजना/ कार्यक्रमको नाम | बजेट रकम रु. | संशोधित आयोजना/ कार्यक्रमको नाम | बजेट रकम रु. |
|---|---|---|---|---|
| १ | शिक्षण सिकाई अनुदान | १०००००० | शिक्षण सिकाई अनुदान तथा शैक्षिक गुणस्तर सुधार | १०००००० |
| २ | नगरपालिकाको समावेशी विकास कार्यक्रम NLR | ७००००० | मेसिनरी तथा औजार खरिद | ७००००० |
| ३ | कर्मचारी प्रोत्साहन तथा पूर्वाधार शिर्षकबाट | १०००००० | दैनिक भ्रमण भत्ता | १०००००० |
| ४ | उन्नत जातको धानगहुँको विउ अनुदान | ३००००० | उन्नत जातको धानगहुँको बिउको खरिदको लागि महादेव कृषि सहकारी संस्था लि. अनुदान | ३००००० |
| ५ | बुदोकैदो प्रशिक्षण कार्यक्रम | २००००० | जनजागृती मावि प्रशिक्षण अनुदान | २००००० |

पालिकाले यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

५.१३ **गत वर्षको भुक्तानी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र प्रयाप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको

रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ।यस पालिकाले आफ्नो स्थानीय आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली पारित नभएको अवस्थामा संघीय कानूनको अनुशरण गर्नुपर्ने हुन्छ। पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू.५,९१,७८,६५८.८५ संचित कोष मौज्दात बाँकी रहि यो वर्ष अल्या गरेको छ। तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू.८१४५८१८.५८ बजेटमा भुक्तानी हुन बाँकीको रुपमा व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ।त्यसै गरी आ.व. २०८०/८१ मा संचित कोष रु.४,७७,५३,०७२.१६ मौज्दात रहेकोमा आ.व. २०८१/८२ को लागि रु.३८,९५,६०६ भुक्तानी दिन बाँकी जिम्मेवारी सारेको छ।यसरी गत वर्ष खर्च भई दायित्व सृजना गरेको तर संचित कोषमा प्रयाप्त रकम हुँदा समेत भुक्तानी नहुनुको कारण स्पष्ट छैन। त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन। सिद्धान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। विशेष परिस्थितिले खर्च हुन गएको तर बजेटले नखाम्ने अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुसार विल भरपाई सहित प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयमा पठाई बजेटमा व्यवस्था गर्नु पर्दछ।

५.१४ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ। आन्तरिक लेखापरीक्षणका सबै सुझाबहरुलाई पालिकाले कार्यान्वियन गरेको देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण प्रतिवेदनले दिएका सुझाव कार्यान्वियन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५.१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

५.१६ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, २ नीति, ३६ कार्यविधि, ८ निर्देशिका, १ मापदण्ड, १ आचारसँहिता लगायत ७२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले ७२ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ ।नमुना कानून अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वियन गरेको देखिएन। तसर्थ उक्त तर्जुमा भएका कानून कार्यान्वियन गर्ने र बाँकी कानुन तर्जुमा गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

५.१७ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा पालिकाबाट प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ मुद्दा रहेका छन । यस बर्ष ३१ मुद्दा दर्ता भई ३१ मुद्दा फर्स्यौट भएकोमा २ मुद्दा भने कारबाही गरी टुँगो लगाउन बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन ध्यान दिनुपर्दछ।

५.१८ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला २२ सहकारीले गरेको र बाँकी ३७ सहकारी (COPOMIS) मा आबद्ध भएको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

५.१९ **आर्थिक सहायता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्पमा विभिन्न१७६ वटा संस्था/व्यक्ति/समिति/राजनीतिक पार्टीलाई जम्मा रू. ११६००००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.२०३०९०६६।१६ को ५.७१ प्रतिशत हुन आउँछ। केही उदाहरणका रुपमा देहायबमोजिमका संस्था/व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराएको देखिन्छ।

| गो.भौ.नं. | सहायता प्राप्त कर्ता | सहायता रकम | व्यहोरा |
|---|---|---|---|
| ९०९(२०८०।०८।२४) | पुजादेवी बोहरा | ५००० | महायज्ञको लागि आर्थिक सहयोगको निवेदनको आधारमा रकम भुक्तानी |
| १०३४(२०८०।०९।१२) | लोकेश पाल | १५००० | नेकपा माओबादी केन्द्रलाई आर्थिक सहयोग |
| ११२५(२०८०।१०।०३) | गणेश बि.क. | १०००० | नेपाल दलितसंघलाई आर्थिक सहयोग |
| २२८७(२०८१।०३।२१) | प्रयाग राज अवस्थी | २५००० | कार्यापालिकाबाट निर्णय गरी आर्थिक सहयोग |

यसरी स्पष्ट आधार, कारण, औचित्य बेगर निवेदन मागको आधारमा नगर प्रमुखको तोकादेश तथा पालिकाको निर्णयबाट वितरण गरिने यस प्रकारका सहायता सार्वजनिक कोषको सदुपयोग भएको सम्बन्धमा एकिन हुन सकिदैंन। पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर सोही बमोजिम प्रक्रिया पुरा गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। साथै यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी आर्थिक सहयोग प्राप्त गर्ने व्यक्ति/संस्था/समितिको नाम वतन, रकम र कारण समेत खुलाई पालिको वेभसाइट तथा सामाजिक सञ्चालमा सार्वजनिकरण गर्नु गराउनुपर्दछ।

५.२० **विविध तथा सभा संञ्चालन खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष सबै वडामा समेत गरी विविधतर्फ (खाजा, खाना र सामाग्री खरिद समेत) रु.४०,००,००० खर्च गरेको र सभा सञ्चालनतर्फ रु.५,२९,६८० खर्च गरेको छ। उक्त खर्च पालिकाको आन्तरिक आय रु.२,०३,०९,०६६.१६ को १७.३८ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यबस्था हुनु पर्दछ।

५.२१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ७३ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत, कानुन अधिकृत, सब इन्जिनियर, सर्भेक्षक, सहायक कम्प्युटर अपरेटर, सहायक पाँचौ र चौथो, सहित ४२ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

५.२२ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक इञ्जिनियर,जनस्वास्थ्य अधिकृत, सहायक पाँचौ, सहायक चौथो, कम्प्युटर अपरेटर, अमीन, अहेव, अनमि, पब्लिक हेल्थ नर्स लगायत ३४ जना कर्मचारीहरु करारमा नियुक्त गरी तलव भत्ता रू. १,४१,५१,८७६ भुक्तानी गरेको पाइयो। पालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

५.२३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा, गठन, सञ्चालन, व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेदफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधी, अनुसार रु.७,०५,५२० प्रोत्साहन भत्ता खर्च गरेको छ। जुन पालिकाको आन्तरिक आय रु.२,०३,०९,०६६.१६ को ३.४७ प्रतिशत हुन आउन्छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी खर्च लेख्नुपर्दछ।

५.२४ **पदाधिकारी सुविधा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.१,१०,७७,००० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रु.२,०३,०९,०६६.१६ रहेको छ। आन्तरिक आयको रु.२,०३,०९,०६६.१६ को तुलनामा ५४.५४ प्रतिशत खर्च पदाधिकारी सुविधामा भएको देखिएको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

५.२५ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीको बैठक भत्ता,कर्मचारीको बैठक भत्ता र अन्य भत्ता जम्मा रु.१७,९९,०५० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

५.२६ **वडाको बिबिध खर्च**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गतका निम्नानुसार वडा कार्यालयहरुलाई विभिन्न मितिमा विविध शिर्षकबाट वडालाई रू.३९,६७,७९५ भुक्तानी गरेको छ। जुन निम्न छ ।

| सि.नं. | वडानं. | खर्च रकम |
|---|---|---|
| १ | १ | ३१२५८० |
| २ | २ | २२३९९९ |
| ३ | ३ | २४०१९५ |
| ४ | ४ | २९९६६५ |
| ५ | ५ | ३५०००० |
| ६ | ६ | ४००००० |
| ७ | ७ | ४३५७१८ |
| ८ | ८ | २८६५९२ |
| ९ | ९ | ३४४७२० |
| १० | १० | ३८५१६१ |
| ११ | ११ | २९९९८० |
| १२ | १२ | ३८९१८५ |
| जम्मा | | ३९६७७९५ |

वडा कार्यालयहरुको खाना नास्ता, खाद्य सामाग्री तथा अन्य सामानहरु खरिद गरेको बिल भरपाईको आधारमा खर्च लेखेको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्च बीच आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

५.२७ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

५.२८ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट** - स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८६.२५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

५.२९ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क

उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

५.३० **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

५.३१ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक परीक्षण गरेको देखिएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

५.३२ **अनुगमन** - सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को क्रमस बुँदा नं. १२ र ११ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको कार्यान्वयन हुनुपर्दछ।

| **क्र स** | **स्रोत** | **सम्पन्न योजनाहरु** | **बजेट खर्च** | **कैफियत** |
|---|---|---|---|---|
| १ | संघीय समपूरक | वडा नं. २ मा खानेपानी योजना निर्माण | ४३६५७५५३ | सम्पन्न हुन बाँकी |
| | | कालागौडी वडा नं. १२ देखि वन समिति वडा नं. ६ सम्म नगर चक्रपथ कालोपत्रे निर्माण | १३००००० | पेश्की |
| २ | संघीय विशेष | कृष्ण मावि होस्टेलको भवन निर्माण | ४०००० | पेश्की |
| ३ | प्रदेश समपूरक | वडा नं. ४ को प्रशासकिय भवन निर्माण | १४४६७८४ | सम्पन्न हुन बाँकी |
| | | वडा नं. १ वेलौरी सडक दिपनगर डांडा देखी गणेशपुर नगर चक्रपथ खण्ड सडक स्तरोन्नतरी र वडा नं. ११ दिपनगर पुरानो घटाल टोल देखी दिपनगर आवि पश्चिम नगर चक्रपथ खण्ड सडक कालोपत्रे | ६२७०४९२ | सम्पन्न |

५.३३ **अनुदानको अनुगमन** -सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषिक्षेत्रमा रु.२९,८०,०००रशैक्षिक क्षेत्रमा रु.१६७५००००अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।नमुना परीक्षणका क्रममा अनुदानका केही उदाहरणहरु निम्न छन ।

| गोभौ र मिति | कार्यक्रम | अनुदानग्राही | रकम |
|---|---|---|---|
| ५।२०८०। १०।१० | व्यवसायिक कृषकका लागि बाली संरक्षक कार्यक्रम अन्तर्गत निशुल्क विषादी वितरण कार्यक्रम | श्री फार्मर नेपाल प्रा.लि. | १९८००० |
| १२। २०८१। ०३।१० | उन्नत जातको खाद्यन्न बालीको बीउ वितरण कार्यक्रम | न्यू भुमीराज एग्रो सेन्टर | ४४३६१२ |
| ४।२०८०। १०।१० | उन्नत जातको खाद्यन्न बालीको बीउ वितरण कार्यक्रम | श्री फार्मर नेपाल प्रा.लि. | ७५७७७० |
| ३७१। २०८१। ०१।२७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | जनभावना आवि,जनगागृती मावि,बैजनाथ आवि पारीफाँटा र बैजनाथ आवि लक्ष्मीपुर, सरस्वती मावि ३५०००० का दरले | १७५०००० |

५.३४ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

५.३५ **मध्यमकालीन खर्च संरचना**- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तिनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले मध्यमकालिन खर्च संरचनामा तयार गरेको छैन। मध्यमकालिन खर्च संरचनाका निर्माण गरी आवधिक योजना र बार्षिक बजेट बिच तादम्यता कायम गरी वित्तीय सुशासन कायम गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

५.३६ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुचि १ मा व्यवस्था गरेको छ। उक्त अनुसुचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाप खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ। सो अनुरुप निर्माणकार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो बर्ष पालिकाले सञ्चालित आयोजनाबाट कन्टिन्जेन्सी खर्च रु.१७,१३,४६० गरेकोमा सोको व्यवस्थित अभिलेख राखेको देखिएन। महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तैः गाडी/मोटरसाइकल मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता र चियाखाजा खर्च जस्ता कार्यमा गरेको खर्च समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन। पालिकाले कन्टिन्जेन्सी खर्चको विवरण अद्यावधिक राख्नुको साथै योजनाअनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापीकिताबमा प्रविष्टी गर्नु पर्दछ।

५.३७ **इन्धन तथा मर्मत खर्च**- अर्थ मन्त्रालयबाट जारी कार्यसंचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार पालिकामा रहेका ३६ वटा दुई पाङ्ग्रे, ३ वटा चारपाङ्ग्रे, एम्बुलेन्स

१ वटा, टिप्पर ३ वटा, ट्याक्टर १ वटा, १ वटा व्याकहोलोडर लगायतका सवारी साधानहरु मर्मतमा यस वर्ष रु.३१,५०,३१९ र इन्धन तर्फ कार्यालय प्रयोजनमा रु.५४,२८,९१० र पदाधिकारी तर्फ रु.८,५०,३२५ खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरणको अभिलेख समेत राखेको पाइएन। इन्धन प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन तथा मर्मत खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

५.३८ **उपभोक्ता समिति मार्फत कार्य-** सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यबिधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नुपर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउनेउल्लेख छ।पालिकालेसो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

५.३९ **ठेक्का व्यवस्था** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ७.२२ देखि ६९.२५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| ठेक्कानम्बर | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान (मु.अ.कर सहित ) | सम्झोता रकम (मु.अ.कर सहित) | घटीप्रतिशत |
|---|---|---|---|---|---|
| १ | विज्ञापनकर आन्तरिक आय ठेक्का | Aakriti advertising biratnagar | १५८२००. | १३००००. | १७.८ |
| ४ | पशु निकासीपैठारी | डीमुकनिर्माण सेवा | ५७६३०. | ५००००. | १३.२३ |
| ५ | जिन्सीसाखा स्टेस्नरि सामान खरिद | My computer solution mahendranagar | २९१९३२६.७५ | १९०४६१५. | ३४.७६ |
| ६ | कभाड कर | Sonu Raj Trade and Suppliers dhangadhi | १५४२४५०. | १३०००००. | १५.७१ |
| ७ | औषधी खरिद | Glolobe drug suppliers,dhangadhi | ४२८६२३७.७ | १३४२७०९.१ | ६८.६७ |
| ९ | वडा नं. ४भवन | सुरजकन्स्ट्रक्सन निर्माण सेवा सैल्यासिखर दार्चुला | १६४१०९८६.४९ | १०१९३७४५.८८ | ३७.८८ |
| १० | वडा नं. ११र १ मा नगर चक्रपथ | अस्मिताबिल्डर्स दोधारा चादनी | ११७९०३८१.३८ | ६९७४०७९.९७ | ४०.८५ |
| ११ | वडा नं. १ hume pipe culvert र ओभरहेड ट्यांकी निर्माण | S.A.N Brothers Nirman Sewa Dhangadhi | ९८२४११.१७ | ६८६९८३.६१ | ३०.०७ |
| १३ | वडा नं. १अधुरो बन्साह कभर्ड हल | चौधरीकन्स्ट्रक्सन भासी ,भीमदत्त | १४७८४५८.३९ | १११९२४६.९२ | २४.३ |
| १४ | वडा नं. १२मा कल्भर्ट निर्माण र सडक स्तरुन्नती | जय माँडिलासैनी बेल्डाडी | २६५२०५७. | १६१६४८०.८९ | ३९.०५ |
| १५ | गौडी खोलावार्ड नं. ८ ढुंगा गिट्टी बालुवा रोयल्टी आन्तरिक आय ठेक्का | श्रीहंसदिप कन्स्ट्रक्सन वार्ड न.११ ,अमरपुर ,शुक्लाफाँटा नगरपालिका | ४५४८३६३ | ४२१९९३७ | ७.२२ |
| १६ | सडक बोर्डठेक्का | गौरी भवानीकन्स्ट्रक्सन प्रा.लि | ९२७४६४०.४०९ | ४९३६०१३.९७ | ४६.७८ |
| १६ | औसधि खरिददोस्रो पटक | युनिग्लोबड्रग सप्लायर्स धनगढी | **२८४४२१२.१** | ८७४७२२.१८ | ६९.२५ |
| १७ | वार्ड न.३र ९ अधुरो स्वास्थ्य | जय माँडिलासैनी बेल्डाडी | ३३१०१८६.२२ | २२७३६४५.४४ | ३१.३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | चौकी वार्ड न.१२ अधुरो थारु संग्राहलय निर्माण | | | | |
| १८ | वार्ड न.९सडक स्तरोन्नति | महादेवसमैजी कन्स्ट्रक्सन बेलौरी-०९ | ७३६३०५.६३८३ | ४७४९१६.३९ | ३५.५० |
| १९ | वार्ड न.९गौसाला व्यवस्थापन | सफलनिर्माण सेवा भीमदत्त-०६ | १९६४९९८.५५ | १२१९१०७.५ | ३७.९६ |
| २० | झलारी-सिसैया-धारापानीमूल सडक स्तरोन्नति वार्ड नं.९, ८ | महादेवसमैजी कन्स्ट्रक्सन बेलौरी-०९ | १९६५०५३.६०४ | ९६९५१६.९ | ५०.६६ |
| २१ | वार्ड नं. २रमेश रावतको घर हुँदै वडा कार्यालय जाने मूल सडक कालोपत्रे क्रमान्गत निर्माणकार्य | प्रतिक्षानिर्माण सेवा कृष्णपुर | १९६४६१४.७५ | १६९९७१२.६२ | १३.४८ |
| २२ | हाइ मास्टलाइट जडान | Kathmandu Energy Group Pvt.Ltd Puspalaal chowk,Nepalgunj | ४८५१२१८.६६ | २९०२८१६.२ | ४०.१६ |
| २३ | वार्ड न.२बिभिन्न निर्माण कार्य | हंसदीपकन्स्ट्रक्सन | १२५६७९१.०३ | ८९६७९३.६२ | २८.६४ |
| २३ | कृष्णमा.वि छात्रावास निर्माण | बालिचान्द्र-नेपालआदर्श निर्माण सेवा जे.भी | ३३४६६६०३. | २२०३७५४७ | ३४.१५ |
| २४ | समूहचौराहा अगाडी नगर चक्रपथ कालोपत्रे | हंसदीपकन्स्ट्रक्सन | ९९९०४० | ६२७२६७२ | ३७.२७ |
| २५ | बन्समितिदेखि कालागौडी नगर चक्रपथ निर्माण | नाति/ खसड/ स्वारजे.भी | ८५४९९४४.२६ | ७४४९६३२.१६ | १२.९२ |
| २६ | स्यानिटरीप्याद खरिद | A.G Health Industries | ३२६४९६९ | ३१४१३५० | ३.७९ |
| २७ | वार्ड न.९गौसाला मा स्टोर निर्माण | N.M Nirman Sewa | ११६९७८७ | ९०४४०२ | २२.६९ |

५.४० **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल

सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५.४१ **परामर्श तथा डीपीआर खर्च**-बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृतरकम रु. | खर्चरकम रु. | अध्यन्नबाट निर्धारित भएको आयोजनाको लागत/ परिमाण रु. (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| Preparation of Detailed Project Report (DPR) of Kalagaudi ward no. 12 to Bansamiti ward no 6 municipal ring road section . | Shuvam Developers & Suppliers Pvt.Ltd | 913905.49 | 294000 | 418779417.54 (13.8 km road) |
| Detail Project Report on river protection works of Chitaura Nala and Budhi Nala ( Approximate total Length to be studied is 10.5 KM) | Jansewa Engineering consultancy and construction pvt.ltd | 430931.82 | 405995.00 | 185500000 (11km gabion) |
| Detail Project Report on Master Plan of Gaushala ward no.9 | Onflow Engineering Pvt.Ltd | 441932.94 | 440000 | 100291099.9 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। साथै परामर्श सेवा खरिद गर्दा पालना गर्नुपर्ने खरिद नियमावलीको पूर्ण रुपमा पालना गरेको देखिएन। डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। अत: डी.पी.आर. तथा परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावलीमा भएको परामर्श सेवा खरिद प्रक्रियाको पूर्ण पालना हुनुपर्दछ साथै सो को आवश्यकता र औचित्यता पुष्टि हुने आधार संलग्न गरी लागत अनुमानलाई यथार्थपरक बनाउनुपर्दछ।

५.४२ **नाफामुलक संस्थालाई अनुदान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ।संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष देहायको नाफामूलक संस्थालाई अनुदान भुक्तानी गरेको छ। यसरी निश्चित कार्यविधि र मापदण्ड नबनाई नाफा कमाउने उद्देश्यले स्थापना भएका संस्थालाई अनुदान दिने कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.सं | गो भौ/मिति | भुक्तानी पाउने | अनुदान रकम |
|---|---|---|---|
| १ | ३२०।२०८१।०३।२२ | घटाल ग्रामिण विधुत सहकारीको ह्वाइलेट निर्माण तथा मर्मत | ९५९०१ |
| २ | १७३।२०८१।०२।२१ | बैतडा कृषि बहुउद्देश्यीय सहकारीको च्यानल गेट , कोठा पार्टेशन तथा फर्निचर खरिद | ९५५६१ |
| ३ | ७।२०८१।०३।१६ | आधुनिक कृषि सहकारी संस्था लि.(साना सिचाई) | ७६९९४ |
| ४ | २६६।२०८१।०३।२० | इन्द्रेणी कृषि सहकारी संस्था लि.(धानबाली पकेट विकास कार्यक्रम) | ४,९८,००० |
| ५ | २।२०८१।०३।१६ | जलउपभोक्ता कृषि सहकारी संस्था लि.(साना सिँचाई निर्माण तथा मर्मत संभार) | ७०८२४ |
| ६ | ७९।२०८०।११।०३ | बैजनाथ महिला बहुउद्देश्यीय सहकारी संस्था (गहुँबाली पकेट विकास कार्यक्रम) | ६,०१,९८० |
| ७ | १०।२०८१।०३।२० | सुडा कृषि सहकारी संस्था लि. | ७०१३३ |
| ८ | ३।२०८१।०३।१६ | बडघर कृषि सहकारी संस्था | ८२४६७ |
| ९ | ९९४।२०८०।०९।०४ | ध्रुव तारा सामुदायिक विकास कृषि सहकारी | २५०००० |
| १० | ८३(२०८०।१२।१३) | वडा नं. १० ध्रुवतारासहकारी संस्थाको जमिनमामाटो भरान | १४५६२७ |
| जम्मा | | | १९८७४८७ |

| | |
|---|---|
| अनियमित भएको | १९,८७,४८७ |

५.४३ **सेवा प्रवाहको स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका १० वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | १४ |
| | पञ्जिकरणतर्फ | |
| २ | जन्मदर्ता | १७४७ |
| ३ | मृत्युदर्ता | ३५० |
| ४ | बसाईसराई दर्ता | १२९५ |
| ५ | विवाह दर्ता | ५६८ |
| ६ | सम्बन्धविच्छेद दर्ता | २२ |

५.४४ **भ्रमण खर्च र अभिलेख** - भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा

खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीलाई भ्रमण खर्च र कर्मचारी तथा अन्यको भ्रमण खर्च स्वरुप रू.२१,९९,९०१ खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको भएपनि अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको भन्ने सुनिश्चित हुन सकिएन।पदाधिकारी भ्रमण र कर्मचारी भ्रमण लगायत अन्य भ्रमणको अभिलेख व्यवस्थित देखिएन । भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी, व्यहोरा खुलेको अनुगमन प्रतिवेदन र अभिलेख समेत व्यवस्थित रुपमा राख्नुका साथै, यस्तो खर्चमा नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

५.४५ **मसलन्द तथा कार्यालय सामग्री**- सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजिङ्गमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू.५१,७४,८९७.५० को कार्यालय मालसमान खरिद गरेको साथै ठुलो रकम खर्च गर्दा प्रतिस्पर्धाको लाभ लिने प्रक्रिया अनुसरण गरेको देखिएन । यसरी कार्यालयमा आवश्यक सामाग्रीको लागत अनुमान तयार गरी सबै मसलन्द तथा सामाग्री खरिदलाई ठेक्का मार्फत खरिद गरी खरिद कार्यलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

५.४६ **घरभाडा खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष घरभाडातर्फ (पशुसेवा केन्द्र, आधारभूत स्वास्थ्य चौकी, नगर अस्पताल र पालिकाको जिन्सी प्रयोजनको लागि) रू.५,४६,८०० खर्च गरेको छ। यस पालिकाले आफ्नो कार्यालयको भवनको अतिरिक्त विभिन्न अन्य भवनहरु पनि भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

## ६ विपद व्यवस्थापन तर्फ

६.१ **समिति गठन**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

६.२ **कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनुपर्दछ।

६.३ **विपद व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद्को व्यवस्थापनको लागि स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा गत बर्षको मौज्दात रु.३१,२६,९३९ र यो वर्ष

आम्दानी प्राप्त रु.९,८४,००० भएकोमा कोषबाट यो बर्षमा रु.३,८२,००० खर्च भई रु.३७,२८,९३९ बाँकी रहेको देखियो। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नुपर्दछ।

६.४ **बार्षिक प्रतिबेदन** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

## ७ उपकरण परिचालनमा आम्दानी र खर्चको अवस्था

पालिकामा एक्साभेटर, ट्रिपर, एम्बुलेन्स र ब्याकहो लोडर लगायतका उपकरण रहेकोमा सोको परिचालनबाट देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्।

| सि.नं. | सामानको विवरण | खर्च रु. | | | | जम्मा आम्दानी रु. |
|---|---|---|---|---|---|---|
| | | इन्धन | चालक/हेल्परको तलब भत्ता | मर्मत खर्च | जम्मा खर्च | |
| १ | एम्बुलेन्स | २०३८२५ | ३६८९५६ | १२३२१५ | ६९५९९६ | २४०२२५ |
| २ | ब्याकहो लोडर | १३८९५७५ | ३९६४६४ | ५७५१२७ | २३६११६६ | ७९८०० |
| ३ | टिप्पर | ९४९८४० | ७९२९२८ | १२४५२५ | १८६७२९३ | ० |
| ४ | ट्याक्टर | ३४३३२५ | २३४००० | ३५१२५ | ६१२४५० | १०७५०० |
| जम्मा | | २८८६५६५ | १७९२३४८ | ८५७९९२ | ५५३६९०५ | ४२७५२५ |

उल्लिखित उपकरणहरुको आम्दानी र खर्चको विश्लेषण गर्दा वर्ष भरी ४ लाख २७ हजार मात्र आम्दानी भएको देखिन्छ भने ५५ लाख ३६ हजार खर्च भएको देखिन्छ । कूल खर्चको तुलनामा कुल आम्दानी ७.७ प्रतिशत मात्र हुन आउँछ। यसरी उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ती उपकरण उपयोग, परिचालनको लगसिट, लगानी र आय विश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन । खर्चको तुलनामा आय अधिक हुने गरी मितव्ययी तवरबाट उल्लिखित उपकरणहरुको परिचालन हुनुपर्दछ।

## ८ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष राजस्व बाँडफाँटबाट कर्मचारी कल्याण कोषमा रू.२५,५५,४९३.२० ट्रान्सफर गरेको छ।पालिकाले दिएको विवरण अनुसार साविक झलारी गाउँ विकास समितिको कार्यालय, झलारी कन्चनपुरमा मिति २०६४।०५।०२ गते देखि स्थायी नियुक्ति भई हाल यस कार्यालयमा कार्यारत कार्यालय सहयोगी (चौथो स्तर) श्री सवारी लाल दगौराको मिति २०८०।०४।१० गते मृत्यु भएको भनि वडा नं. ९ सिसैयाको मिति २०८०।०४।१९ गतेको अभिलेखबाट देखिन्छ ।१४८ औँ कार्यपालिकाको बैठकको मिति २०८०।०६।१७ गतेको निर्णय नं. १२ अनुसार निज मृतकको श्रीमती राधिका देवी दगौरालाई गोश्वरा भौचर नं.३ मिति २०८१।०३। १८ गते अवकाश सुविधा (उपदान, औषधी उपचार, संचित घर विदा र बिरामी विदा वापत्) रु.१६,१४,२५७ भुक्तानी भएको देखिन्छ । यसरी उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था नभइ भुक्तानी गरेको छ।पालिकाले कर्मचारीकोसमेत योगदान रहने गरी कानून बमोजिम कर्मचारी कल्याण कोषको व्यवस्थापन गर्नुपर्दछ।

## ९ छाडा चौपाया व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापनको लागि सामुदायिक छाडा पशु केन्द्रलाई वर्ष भरी रू. ४५५७८९३।०० खर्च गरेको देखिन्छ। यसरी खर्च गर्ने कुनै

मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रूपमा बिनियोजन गरिएको रकम स्वेच्छिक रूपमा ज्याला, औषधि, पराल खरिद र ढुवानीमा खर्च भएको छ। पालिकाले वडा नं. ९ मा सामुदायिक छाडा पशु केन्द्र स्थापना गरेता पनि के कति संख्यामा पशुहरु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन। पशु व्यवस्थापनार्थ हेरालु लगायतका कर्मचारी व्यवस्थापन गरेको भनी खर्च लेखेकोमा त्यहाँवाट संकलित पशु मल, दुधजन्य पदार्थ उत्पादन तथा बिक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैंन। अत: पालिकावाट अनुगमन गर्ने तथा पशु व्यवस्थापन केन्द्रबाट आयआर्जन गर्नेतर्फ जोड दिनुपर्दछ।गाई गोरू व्यवस्थापनमा वर्षेनी खर्च मात्रै हुदै जाने हुदा यसको दिर्घकालिन समाधानको उपाय खोज्जे तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

१० **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलब्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्ष र यस वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फस्यौंट नभएकोले नियमानुसार पेश्की फस्यौंट हुनुपर्दछ।

| क्र.सं. | गो.भौ.नं./मिति | पेश्की प्राप्त गर्नेको नाम | म्याद नाघेको पेश्की | | म्याद ननाघेको पेश्की | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | यस आव | गत आव | यस आव | गत आव | |
| १ | १०१८(२०८०।०९।०६) | कलपना कुमारी जोशी | (१२०००) | ० | ० | ० | -१२००० |
| २ | ८७७(२०८०।०८।२०) | मन्जु कुमारी सांउद कार्की | ४२००० | ० | ० | ० | ४२००० |
| ३ | ९८३(२०८०।०९।०३) | राजेन्द्र बहादुर सिंह | १५००० | ० | ० | ० | १५००० |
| | १७००(२०८१।०१।०९) | राजेन्द्र बहादुर सिंह | ६०००० | ० | ० | ० | ६०००० |
| | ५(२०८०।१०।१६) | श्री एम.के/ निरज जे .भी | ० | १७८५००० | ० | ० | १७८५००० |
| | ७१(२०८०।११।१६) | सुरज कन्सट्रक्सन | ० | ० | ९००००० | ० | ९००००० |
| | ७३(२०८१।०३।२२) | नाती। खम्र्ड । स्वाँर जे.भी. | ० | ० | ६५००००० | ० | ६५००००० |
| | २६७(२०८१।०३।२२) | नाती। खम्र्ड । स्वाँर जे.भी. | ० | ० | ६५००००० | ० | ६५००००० |
| | ९०(२०८१।०३।२४) | बालिचन्द्र ।नेपाल आर्दश जे.भी | ० | ० | ४०००००० | ० | ४०००००० |
| | १(२०८०।०४।०१) | अग्री इन्कर्पोरेटेड प्रा.लि. | ० | १०७९७५५ | ० | ० | १०७९७५५ |
| | १(२०८०।०४।०१) | नेपाल राष्टिय समाज कल्याण | ० | ७५००० | ० | ० | ७५००० |
| | १(२०८०।०४।०१) | शुक्पाफाँटा नगर विकास | ० | २००००० | ० | ० | २००००० |
| | १(२०८०।०४।०१) | श्री पञ्चकोटी मणिकाधाम आधारभुत विधालय | ० | २००००० | ० | ० | २००००० |
| | १(२०८०।०४।०१) | श्री शिखर कृषि जडिबुडी उपभोता समुह | ० | ८४००० | ० | ० | ८४००० |
| | ४४(२०८०।१०।२१) | कञ्चनपुर जिल्ला संघ | २५०००० | | ० | ० | २५०००० |
| | १(२०८०।०४।०१) | महादेव डिप सि उ समिति | ० | १८०००० | ० | ० | १८०००० |
| | १(२०८०।०४।०१) | चरण राम डगौरा | ० | ६००० | ० | ० | ६००० |
| | १(२०८०।०४।०१) | जिवन बहादुर | ० | ३०००० | ० | ० | ३०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | धामी | | | | | |
| | १(२०८०।०४।०१) | महेश भट्ट | ० | १००००००० | ० | ० | १००००००० |
| | १(२०८०।०४।०१) | राजेन्द्र बहादुर सिह | ० | २००००० | ० | ० | २००००० |
| | १(२०८०।०४।०१) | लोकेन्द्र बहादुर ऐर | ० | १५१२० | ० | ० | १५१२० |
| | ७२३(२०८०।०७।२०) | हरि शंकर कर्ण | ९०००० | ० | ० | ० | ९०००० |
| | १८६१(२०८१।०२।०४) | हरि शंकर कर्ण | ९०००० | ० | ० | ० | ९०००० |
| | | | ५३५००० | ४८५४८७५ | १७९००००० | ० | २३२८९८७५ |

| | |
|---|---|
| पेश्की | ५,३५,००० |

## ११ नदिजन्य पदार्थको मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मूल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मु अ कर असुल गरी त्यस्तो कर बेदर्तावालाबाट सङ्कलन गरी राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। गौडी खोला र अनौखी खोलाको नदिजन्य पदार्थ संकलन तथा विक्रीको लागि पालिका र हंश दिप कन्स्ट्रक्सनसँग रु.४०२५१००.००(मु अ कर बाहेक) सम्झौता भएकोमा सम्झौता अंकको १३ प्रतिशतले हुन आउने रु.५२३२६३.०० मू अ कर पालिकाले संकलन गरी संकलित मु अ कर बेदर्तावालाबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्नेमा हंश दिप कन्स्ट्रक्सन (मु अ कर नं. ६२०४१५९८५) बाट कर कार्यालयमा दाखिला भएको देखिन्छ। यसरी सम्बन्धित कन्स्ट्रक्सनले आफ्नो मु अ कर नं. बाट दाखिला गर्दा मु अ कर समायोजन गर्ने र भुक्तानी गरेको मु अ कर फिर्ता लिने अवस्था देखा पर्दछ तर बेदर्तावालाबाट संकलित मु अ कर समायोजन तथा फिर्ता गर्ने व्यवस्था नभएकोले सम्बन्धित कन्स्ट्रक्सन कम्पनीले आफ्नो मु अ कर नं. बाट दाखिला गरेको मु अ कर असुल गरी नियमानुसार बेदर्तावालाबाट सम्बन्धित शिर्षकमा दाखिला गर्नुपर्दछ। रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२३,२६३ |

## १२ मुल्य अभिवृद्धि कर

मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ। तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ। यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यी निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने थप कानुनी व्यबस्था रहेको छ।निम्नानुसार व्यबसायीसँगको सम्झौता अनुसार मु अ कर अशुल हुन बाँकी रहेको देखिन्छ। व्यबसायीको ठेक्का रकममा लाग्ने मु अ कर अशुल गरी दाखिला गरेको नदेखिएकोले सम्झौता अनुसारको रकममा लाग्ने मु अ कर अशुल गरेको प्रमाण पेश हुनु पर्ने रु.

| क्र.सं. | ठेक्काको विवरण | ठेकेदार फर्म/व्यक्ति | ठेक्का अंक | असुल हुनुपर्ने मु अ कर |
|---|---|---|---|---|
| १ | विज्ञापन कर | आकृति एडभटाईजिङ्ग विराटनगर मोरङ्ग | १४०००० | १८२०० |
| २ | कवाडी ठेक्का | सोनुराज ट्रेड एण्ड सप्लायर्स | १३६५००० | १७७४५० |
| ३ | पशु निकासी पैठारी | दिमुख निर्माण सेवा महाकारी नपा १ | ५७६३० | ६६३० |
| जम्मा | | | १५६२६३० | २०२२८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०२,२८० |

## १३ सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतकासामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री गरेको विवरण प्राप्त नभएकोले सो सम्बन्धमा पालिकाले एकिन गरि पन पैदावारको विक्री वापत प्राप्त रकमको दश प्रतिशत रकम असुल गरी पालिकको संचित कोषमा दाखिला गर्नुपर्दछ।

## १४ दुविधायुक्त कानुनी व्यवस्था

सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र संकलित उक्त करको ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। स्थानीय तहले त्यसरी कर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटि वालुवा एवम् माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष ढुंगा गिटी वालुवावापत रू.४०२५१००.००संकलन गरेकोमा स्थानीय सरकार संचालन ऐनको व्यवस्थालाई आधार लिई कुनै पनि रकम प्रदेश संचित कोषमा पठाएको देखिएन। कानुनी व्यवस्थाहरु एक आपसमा बाझिने गरी बनाएको अवस्थाले प्रदेश आर्थिक ऐन कार्यान्वियन हुन सकेको देखिएन। कानूनी व्यवस्थामा आवश्यक सुधार ल्याउनु पर्दछ।

## १५ साना सिंचाई निर्माण तथा मर्मत सम्भार

स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यविधि, २०८० को दफा ५ मा प्रदेश सरकार मार्फत गएको सशर्त कार्यक्रम अन्तर्गत साना सिंचाई निर्माण तथा मर्मत सहयोग कार्यक्रममा निजि क्षेत्र तथा फर्मलाई ५० प्रतिशत र समुह/ सहकारीलाई ८५ प्रतिशत सम्म अनुदान उपलब्ध गराइने व्यवस्था छ। यस वर्ष प्रदेश सर्शत कार्यक्रम अन्तर्गत सञ्चालित साना सिंचाई निर्माण तथा मर्मत सहयोग कार्यक्रममा अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | अनुदानग्राहीको विवरण | कुल लागत | भुक्तानी रकम |
|---|---|---|---|
| १ | अन्नपूर्ण कृषक समुह | ७४०१३ | ३७००६ |
| २ | हरियाली आलु तथा तरकारी उत्पादन कृषक समुह | ७४५४२ | ३७२७१ |
| ३ | कञ्चन महिला कृषक समुह | ७८९४२ | ४०००० |
| ४ | जनचेतना कृषक समुह | १९१११० | १२०००० |
| ५ | सिद्धनाथ आलु तोरी कृषक समुह | ७९२९२ | ३९६४६ |
| ६ | पर्वत कृषि सहकारी संस्था लि. | १४५३७७ | ८०००० |
| ७ | प्रगति महिला कृषि समुह | ७९२९८ | ४०००० |
| ८ | शुक्ला वाहसिङ्गे कृषि सहकारी संस्था लि. | ७८९४२ | ३९४७२ |
| ९ | साना सिंचाई नयाँ उपभोक्ता समिति | ७१५१३ | ५२५९० |
| १० | हरियाली महिला कृषक समुह | ७८२४१ | ३९१२० |
| ११ | गरिमा कृषक समुह | ७९९९९ | ४०००० |
| १२ | सिद्ध उन्नत अन्नबाली कृषक समुह | ६५७२९ | ३२८६४ |
| १३ | धुव्रतारा सामुदायिक विकास कृषि सहकारी संस्था लि. | ३९९९९९ | १९९६९७ |
| १४ | बैजनाथ कृषक समुह | ७९६१३ | ३९८०६ |
| १५ | अमर ज्याती कृषक समुह | ७९७१० | ३९७१० |
| १६ | चौधरी प्रगति महिला कृषक समुह | ६२५८८ | ३१४९४ |
| १७ | अपि नप्पा कृषि सहकारी संस्था लि. | १५८४०३ | ७६४८४ |
| १८ | हरियाली कृषक समुह | ६७६७० | ३३८३५ |
| १९ | प्रगति कृषक समुह | ७९६४८ | ३९८२४ |
| २० | तोरीवारी कृषक समुह | ७३९१२ | ३६९५६ |
| जम्मा | | २०९८५४१ | १०९५७७५ |

१६ **बढी भुक्तानी**

स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यविधि, २०८० को दफा ५ मा प्रदेश सरकार मार्फत गएको सशर्त कार्यक्रम अन्तर्गत साना सिंचाई निर्माण तथा मर्मत सहयोग कार्यक्रममा निजि क्षेत्र तथा फर्मलाई ५० प्रतिशत र समुह/सहकारीलाई ८५ प्रतिशत सम्म अनुदान उपलब्ध गराइने व्यवस्था छ। यस वर्ष प्रदेश सर्शत कार्यक्रम अन्तर्गत सञ्चालित साना सिंचाई निर्माण तथा मर्मत सहयोग कार्यक्रममा सम्झौता भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ। रु.

| गो.भौ.नं. र मिति | अनुदानग्राही | कार्यसम्पन्न | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| ६(२०८१।२।३१ | जनचेतना कृषक समुह | १९११११० | ९५५५५ | १२०००० | २४४४५ | सम्झौतामा ५० प्रतिशत अनुदान |
| ८(२०८१।३।५) | पर्वत कृषि सहकारी संस्था लि. | १४५३७७ | ७२६८८ | ८०००० | ७३१२ | सम्झौतामा ५० प्रतिशत अनुदान |
| **जम्मा** | | | | | ३१७५७ | |

| असुल गर्नुपर्ने | ३१,७५७ |
|---|---|

१७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी शुक्लाफाँटा कृष्णसार फाउण्डेसनलाई क्रिकेट संचालन तथा क्लोज क्याम्प संचालनको लागि रु.१०००००.०० आर्थिक सहायता वितरण गरेको छ। पालिकाले स्पष्ट मापदण्ड तर्जुमा गर्नुको साथै आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यबस्था गर्नुपर्दछ।

१८ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवासकार्यन्वयन कार्यविधि, २०७५ को बुदा ५(७) र ५(८) मा क्रमस पहिलो किस्ता वापत ६० प्रतिशत र दोस्रो किस्ता बापत ४० प्रतिशत रकम उपलव्ध गराउनु पर्ने व्यवस्था छ। सोही अनुसार यस पालिकाको लागि छनौट भएका लाभग्राही संख्या २५७ को लागि प्रति लाभग्राही पचास हजारका दरले अनुदान दिने व्यवस्था भएको देखिन्छ। लेखापरीक्षणको लागि पेश भएको विवरण अनुसार गत वर्ष सम्म निम्नानुसार १२१ जनाले दुबै किस्ता प्राप्त गरेको देखियो भने १३६ लाभग्राहीहरुले अझै सम्म दोस्रो किस्ता वापतको अनुदान प्राप्त गर्न सकेको देखिएन। अत:१३६ जना लभाग्राहीहरुलाई भुक्तानी भएको पहिलो किस्तावापतको रकम उपयोगमा ल्याउन निजहरुको निर्माणाधिन आवास सम्पन्न गर्न लगाई दोस्रो किस्ता बापत हुने रू.२७२००००.०० भुक्तानी हुने अवस्था सृजना गरी कार्यक्रम सम्पन्न गर्नु पर्दछ।

| सम्झौता भएका लाभग्राही | पहिलो किस्ता वापत भुक्तानी हुने रकम | दोस्रो किस्ता वापत भुक्तानी हुने रकम | गत वर्ष सम्म वितरित अनुदान | | यो वर्ष पहिलो किस्ता प्राप्त गर्नेलाभग्राही | यो वर्ष दोस्रो किस्ता प्राप्त लाभग्राही गर्ने | अझै सम्म पहिलो किस्ता नपाएका लाभग्राही | अझै सम्म दोस्रो किस्ता नपाएका लाभग्राही |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो किस्ता प्राप्त गर्ने लाभग्राही | दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राही | | | | |
| २५७ | ३०००० | २०००० | २५७ | १२१ | ० | ० | ० | १३६ |

१९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमूना परिक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न फर्म तथा व्यक्तिहरुबाट रु. १३ लाख ६८ हजारको सामाग्री तथा रु. ४२ लाख १४ हजारको निर्माण कार्य गरी कुल रु. ५५ लाख ८३ हजारको सोझै खरिद गरेको देखियो।सोझै

खरिद हुँदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु अ कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन।

| क्र.सं. | ब.उ.शि.नं. | गो.भौ.नं. र मिति | फर्म/निर्माण व्यवसायी | खरिदको विवरण | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | संघीय पुँजिगत | ६२(२०८१।३।२२) | अस्मिता विल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. | Construction of RemainingBlacktop, sub base preparation at krishna mavi and bridgeacress | ५८८४२१ |
| २ | पालिका पुँजिगत | १८५(२०८१।३।१२) | सुदूरपश्चिम मल्टिप्रपोज सोलुसन एण्ड सर्भिसेस प्रा.लि. | वडा नं. ८ नौखरी गम्भिर धानुकको घर नजिक राम सिंह कार्कीको घर नजिक, नौखरि पिपलाडीटोल नजिक र पारिफाँटा उमेश ठगुन्नाको घर नजिक तटबन्ध योजना, तार जाली र ढुङ्गा ढुवानी | ७८४२९८ |
| ३ | पालिका पुँजिगत | १८४(२०८१।३।१२) | जस्मिन विल्डर्स | वडा नं. ९ मंगल आवि पूर्व सडक स्तरोन्नती कार्य | ९४७९६६ |
| ४ | पालिका पुँजिगत | २३६(२०८१।३।२१) | मौलिक कन्स्ट्रक्सन | वडा नं. १ र २ विभिन्न सडकहरु ग्राभेल | ५६६२९८ |
| ५ | पालिका पुँजिगत | ३२०(२०८१।३।२४) | बाशुलिङ्ग निर्माण सेवा | वडा नं. ५ सडक ग्राभेल | ५४५८०१ |
| ६ | पालिका पुँजिगत | ७६(२०८०।११।२२) | पार्वती कन्स्ट्रक्सन | वडानं.८नदीउत्खनन प्रभावित क्षेत्रमा जाने सडक स्तरोन्नती | ७८२१४४ |
| **जम्मा** | | | | | **४२१४९२८** |
| १ | पालिका पुँजिगत | २९०(२०८१।३।२३) | हंस कन्स्ट्रक्सन | ह्युमपाईप खरिद, विद्युत पोल खरिद | ५१८९६० |
| २ | पालिका पुँजिगत | २५(२०८०।९।२४) | उग्रतारा विजुली भण्डार | सडक वित्ती जडान तथा मर्मत | ८५०००० |
| **जम्मा** | | | | | **१३६८९६०** |
| **कुल जम्मा** | | | | | **५५८३८८८** |

२० **भेरिएसन आदेश जारी नभएको**

निम्न कार्यको लागि पालिका र निर्माण व्यवसायी तथा आपूर्तीकर्ता विच भएको सम्झौताको जि सि सि मा विल अफ क्वान्टिटिको कुनै आइटममा शुरु सम्झौता अंकको २५ भन्दा बढि घटिबढि भएमा तथा कुल सम्झौता अंकको २ प्रतिशत भन्दा बढी घटिबढि भएमा प्रोजेक्ट म्यानेजरले दर समायोजन गर्नु पर्ने व्यवस्था छ।निम्न कार्यको शुरु सम्झौता अंकको २ प्रतिशतले भन्दा घटी भएको अवस्थामा भेरिएसन स्वीकृत गरी दर समायोजन नगरेको देखिएकोले यसरी भएको कार्य नियमसम्मत मान्न नसकिएको रू.

| कामको विवरण | निर्माण व्यवसायी/आपूर्तिकर्ता | सम्झौता रकम | सम्पन्न / भुक्तानी रकम | घटी कार्य |
|---|---|---|---|---|
| हाईमास्ट लाइटजडान | काठमाडौं इनर्जी ग्रुप प्रा.लि. | २९०२८१६ | २५५३७३९ | ३४९०७७(१२ प्रतिशत घटी) |
| वडा नं. १ वेलौरी सडकदिपनगर डांडा देखीगणेशपुर नगर चक्रपथखण्ड सडक स्तरोन्नतरीर वडा नं. ११ दिपनगरपुरानो घटाल टोल देखीदिपनगर आवि पश्चिम नगर चक्रपथ खण्ड सडक कालोपत्रे | अस्मिता बिल्डर्स एण्ड कन्स्ट्रयाक्टर्स | ६९७४०७९ | ६२७०४९२ | ७०३५८७(१० प्रतिशत घटी) |
| जम्मा | | | | १०५२६६४ |

| | |
|---|---|
| अनियमित भएको | १०,५२,६६४ |

२१ **खरिदमा न्यून प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तवनामा खरिदलाई खुला र प्रतिस्पर्धी बनाउने उद्देश्य लिएको छ। त्यसै गरी ऐनको दफा २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही नहुने व्यवस्था छ। यो वर्ष पालिकाबाट भएमा खरिदका ठेक्का प्रक्रियाको परीक्षण गर्दा ईविडिङ् मार्फत नै बोलपत्र आह्वान भएको देखिएकोमा न्यून प्रतिस्पर्धा भई ठेक्का बन्दोबस्त हुने गरेको देखियो। खरिद प्रक्रियामा वोलपत्रदाताहरु बीच मिलोमतो भएको अवस्थामा खरिदमा प्रतिस्पर्धा सीमित हुन गई सार्वजनिक निकाय खुला प्रतिस्पर्धाको लाभबाट बन्चित हुने अवस्थालाई मध्य नजर गरी खरिद कार्यलाई प्रतिस्पर्धात्मक बनाउन पालिकाको ध्यान जानु पर्दछ।

| **खरिदको विवरण** | **छनौट भएको व्यवसायीको नाम** | **लागत अनुमान मु अ कर बाहेक** | **सम्झौता रकम मु अ कर ब◌ाहेक** | **लागत अनुमान भन्दाघटी रकम/ प्रतिशत** |
|---|---|---|---|---|
| वडा नं. २ मा खानेपानी योजना निर्माण | उच्चाकोटी ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन कम्पन्नी प्रा.लि. | ६१४५४६८५ | ६००८०४१४ | **२.२४** |

२२ **अग्रीम आय कर**

आयकर ऐन, २०५८ को दफा ८८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्ति वा निकायलाई गर्ने भुक्तानीमा एक दशमलब पाँच प्रतिशतको दरले अग्रीम आय कर कट्टी गर्नुपर्ने व्यवस्था छ। निम्न निर्माण व्यवसायीलाई भुक्तानीमा घटी अग्रीम आय कर कट्टी दाखिला गरेकोले असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

| **क्र स** | **विवरण** | **निर्माण व्यवसायी** | **भुक्तानी रकम मु अ कर बाहेक** | **कट्टी हुनुपर्ने अग्रीम आय कर** | **कट्टी भएको** | **घटी रकम** |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. २ मा खानेपानी योजना निर्माण | उच्चाकोटी ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन कम्पन्नी प्रा.लि. | ६६९५९७५ | १००४४० | ६६६१३ | ३३८२७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,८२७ |

२३ **मूल्य अभिवृद्धि कर कट्टी**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.८७९५०.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| क्र स | विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम मु अ कर बाहेक | ३० प्रतिशत मु अ कर | कट्टी भएको | घटी रकम |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. २ मा खानेपानी योजना निर्माण (४-२०८०।१०।१६, १०९-२०८१।१।९ र २-२०८१।३।१०) | उच्चाकोटी ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन कम्पन्नी प्रा.लि. | ६६९५९७५ | २६११४३ | १७३१९३ | ८७९५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८७,९५० |

२४ **धरौटी रकम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम (४) मा सार्वजनिक निकायले उपनियम (१) बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ विल वा बीजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टी गर्नुपर्ने व्यवस्था छ। वडा नं. २ खानेपानी योजना निर्माण कार्यको लागि उच्चाकोटी ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन कम्पन्नी प्रा.लि. लाई छैटौ रनिङ्ग विल रु.६६९५९७५.००(मु अ कर बाहेक) भुक्तानीमा पाँच प्रतिशत धरौटी वापत रु.३३४७९८.०० कट्टी गर्नुपर्नेमा रु.२२२०४२.०० मात्र कट्टी गरेकोले घटी घरौटी रकम सम्बन्धितबाट असुल गरी धरौटी खातामा दाखिला गर्नुपर्दछ। रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१२,७५६ |

२५ **बोलपत्रको मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्र दाता सँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ३९ देखि४०.३७ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव४० प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ।

| SN | Name of the Project | Name of the Contractor | Estimate Amount with VAT | Contract Amount (with VAT) | Percentage Below |
|---|---|---|---|---|---|
| १ | हाईमास्ट लाइट जडान | काठमाडौं इनर्जी ग्रुप प्रा.लि. | ४२७०९८९ | २९०२८१६ | ४०.३७ |
| २ | स्ल्याव कल्भर्ट र सडक स्तरोन्नती | जय मां डिलासैनी निर्माण सेवा | २३३८१०३ | १४२१६६४ | ३९.२० |

२६ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ अनुसार लागत अनुमान भन्दा १५ प्रतिशत भन्दा कमको कवोल अङ्क भएमा कवोल अङ्कको ५ प्रतिशत र सो भन्दा बढि जति रकमले घटि कवोल भएको छ सोको पचास प्रतिशतले हुने रकम समेत थप गरी कार्य सम्पादन जमानत पेश गर्नु पर्ने र सोको अवधि त्रुटि सच्याउने अवधि भन्दा कम्तिमा १ महिना बढिको हुनु पर्ने व्यवस्था छ। पालिकाले हाईमास्ट लाइट जडान कार्यको लागि काठमाडौं इनर्जी ग्रुप प्रा.लि.सँग सम्झौता गरी मिति २०८१।३।१३ मा उक्त सामाग्री आपूर्ती तथा जडान सम्पन्न भएकोमाहाईमास्ट लाइट जडान कार्यको लागत अनुमान रू.४२७०९८९.००, कवोल अङ्क रू.२९०२८१६.०० र वारेण्टी पिरियड ५ वर्ष रहेको छ। सोही अनुसार कार्य सम्पादन

जमानत रू.७५५५००.०० को कम्तिमा २०८६।४।१२ सम्मको म्याद भएको कार्य सम्पादन जमानत पेश गर्नु पर्नेमा उक्त निर्माण व्यावसायीले रू.७५५५००.०० को मिति २०८२।४।२० सम्मको म्याद भएको कार्य सम्पादन जमानत पेश गरेको छ। वारेण्टी अवधि अझै बाँकी रहेकोले थप अवधिको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५५,५०० |

२७ **सम्झौताको कार्यान्वयन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ को उपनियम (१) मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ। वडा नं. १ वेलौरी सडक दिपनगर डांडादेखी गणेशपुर नगर चक्रपथ खण्ड सडक स्तरोन्नती रवडा नं. ११ दिपनगर पुरानो घटाल टोल देखी दिपनगर आवि पश्चिम नगर चक्रपथ खण्ड सडक कालोपत्रे कार्यको लागि अस्मिता विल्डर्स एण्ड कन्स्ट्रयाक्टकसँग मिति २०८१।३।१५ भित्र रु.६९७४०७९.०० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त निर्माण कार्यको अन्तिम विल भुक्तानी सम्म रु.६२७०४९२.०० भुक्तानी भएको देखिन्छ। नापी किताब अनुसार निर्माण कार्यको ६३४ मिटर लम्बाई वेस कार्य भएकोमा कालोपत्रे कार्य (प्राइम कोट र ट्र्याक कोट) ५३४ मिटर मात्र भएको उल्लेख छ। कार्यालयबाट प्राप्त जानकारी अनुसार १०० मिटर कालपत्रे कार्य वर्षाले गर्दा विग्रेको कारण सो १०० मिटर कार्यको भुक्तानी नगरिएको भन्ने भनाई रहेको छ। यसरी मौसमको ख्याल नगरी निर्माण कार्य अघि बढाउदा निर्मित संरचना काम नलाग्ने अवस्थामा पुगेको देखिन्छ। त्यसै गरी उक्त सडक खण्डमा कालोपत्रे सडक भन्दा १०० मिटर लम्बाई, औषत चौडाई ५.५ मिटर र ०.१४ मिटर उचाई गरी ७७ घनमिटर रु.२१००.०० को दरले १६१७००.०० (मु अ कर बाहेक) बराबर वेसको भुक्तानी भएको देखिन्छ। यसरी सोही १०० मिटर सडक खण्डमा पुन: कालोपत्रे कार्य गर्दा उक्त हाल भएको वेस वापत कार्य काम नलाग्ने अवस्थामा पुग्ने तथा पुन: वेस वापत थप भुक्तानी गर्नुपर्ने अवस्था सृजना हुने देखिन्छ। पालिकाले निर्माण कार्य सञ्चालन गर्दा मौसमको ख्याल गर्नुको साथै मौसम पूर्वानुमान सम्बन्धी आधिकारीक निकायको सूचनालाई आधार लिएर मात्र निर्माण कार्य अघि बढाई एउटै कार्यमा हुने अतिरिक्त आर्थिक भार नियन्त्रण गर्नुपर्दछ।

२८ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।तपशिलको भुक्तानीमा लागत अनुमान, नापी किताब, प्राविधिक विल, कार्य सम्पन्न तथा विल भरपाई संलग्न नभएकोले प्रमाण पेश हुनुपर्ने रु.

| ब.उ.शि.नं. | भुक्तानी पाउने | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| पालिका पुँजिगत | दिपनगर आवि | दिपनगर आवि सेवा केन्द्रको हल व्यवस्थापन कार्य | १००००० |
| पालिका पुँजिगत | सिद्धवैजनाथ मावि बंसाहा | सिद्धवैजनाथ मावि बंसाहा रंगरोगन कार्य | १००००० |
| **जम्मा** | | | **२०००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

२९ **कृषि तथा पशु अनुदान (शसर्त चालु)**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट रू. ३२७३००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र

जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

| क्र. स. | अनुदानको किसिम | लाभग्राही व्यक्ति/ समुह | व्यक्ती सँख्या | रकम |
|---|---|---|---|---|
| १. | च्याउपकेट विकास कार्यक्रमको निरन्तरता | बिर तरकारी कृषि फर्म | १ | ६००००० |
| २. | तरकारी खेती प्रवर्द्धन कार्यक्रम | बैजनाथ कृषक समुह | १५ | ९७५००० |
| ३. | धानवाली पकेट विकास कार्यक्रमको निरन्तरता | हरियाली कृषक समुह, श्रीसा कृषि फर्म र किसोर किसोरी उत्थान ब. सहकारी संस्था | ३५ | ४९८००० |
| ४. | साना सिचाई कार्यक्रम | समुह, सहकारी तथा फर्म | | १२००००० |
| **जम्मा** | | | | **३२७३०००** |

३० **आयकर कम कट्टी**

बासीन्दा प्राकृतिक व्यक्तिको हकमा आयकर ऐन २०५८ को दफा ८७ को उपदफा १ को अनुसूचि १ बमोजिमको दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकाको कृषि शाखामा कार्यरत कृषि अधिकृत विनय राज जोशीको पारिश्रमिक कर कट्टी गर्नुपर्ने भन्दा कम कट्टा गरेको हुदा देहाय बमोजिमको कम कट्टी गरेको कर रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.स. | कर्मचारीको नाम | बार्षिक करयोग्य आय | वार्षिकसा.सु. करकट्टी | वार्षिक आयकर कट्टी | कट्टी हुनुपर्ने कर | कट्टी भएको कर | कम कट्टी कर |
|---|---|---|---|---|---|---|---|
| १. | विनयराज जोशी | ५७७९५७ | ५००० | ७७९६ | १२७९६ | १०२९६ | **२५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५०० |

३१ **अनुदान वितरण (कृषि चालु)**

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३९ को उपनियम (५) बमोजिम कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने, उपनियम (६) बमोजिम आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाइ दिनुपर्ने उल्लेख छ । नमुना परीक्षणको रुपमा केही उदाहरण निम्न अनुसार रहेको छ ।

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | भुक्तानीरकम | कैफियत |
|---|---|---|---|---|
| १ | ३-२०८०।१०।१० | हाइब्रिड तथा उन्नत जातको विउ वितरण | ३२१५५ | वितरण मापदण्ड नभएको |
| २ | ४-२०८०।१०।१० | गहुको विउ खरिद गरि वितरण | ७३४३२० | वितरण मापदण्ड नभएको |
| ३ | ६-२०८०।१०।१० | आलुको विउ खरिद गरि वितरण | ४८८८८ | वितरण मापदण्ड नभएको |
| ४ | ११-२०८१।०२।१७ | तरकारी विउ खरिद गरि वितरण | ७३२५९ | वितरण मापदण्ड नभएको |
| ५ | १२-२०८१।०३।१० | धानको विउ खरिद गरि वितरण | ४३०३०३ | वितरण मापदण्ड नभएको |
| ६ | २५-२०८१।०३।२४ | प्राङगारिक मल खरिद गरि वितरण | २९४३८२ | वितरण मापदण्ड नभएको |

अनुदान वितरण गर्दा उक्त नियमावलीको नियम ३९ को उपनियम (५) बमोजिम कुनै सङ्ग वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने, उपनियम (६) बमोजिम आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाइ दिनुपर्ने उल्लेख छ ।सो व्यहोराको पालना भएको देखिएन। यसका अतिरिक्त वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको छ भनी सुनिश्चित हुने अबस्था छैन । अनुदान दिँदा कानुन बमोजिम सबै प्रकृया पुरा गरी अनुदान दिने र अनुदान दिएको रकमको उच्चतम उपयोग गरी सेवा प्रवाह गरेको सुनिश्चित हुनुपर्दछ ।

### ३२ स्वास्थ्य सेवा कर्मचारीको बढी ग्रेड भुक्तानी

निजामति सेवा ऐन २०४९, नियमावली, २०४९ तथा स्थानिय सेवा सञ्चालन ऐन, २०७४ मा कर्मचारीको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले आ व २०८०/०८१ को तलबी प्रतिबेदन पारित गरेको पाइएन तर आ व २०८१/०८२ को पारित तलबि प्रतिवेदनलाई आधार मान्दा आ व २०८०/०८१ मा देहायका कर्मचारीलाई देहायको ग्रेड बढी भुक्तानी दिएको पाइयो। यसरी बढी भुक्तानी दिएको ग्रेड रकम असुल उपर गर्नुपर्दछ रू.

| क्र.स. | कर्मचारीको नाम | बढी भुक्तानी ग्रेड | ग्रेड दर | १०% संचयकोष सहितको रकम | चाडपर्वको ग्रेड रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मदन बहादुर बिष्ट | १ | १०९७ | १२०६ | ० | १२०६ | १ महिनाको ग्रेड भुक्तानी |
| | | | | | | असुल गर्नुपर्ने | १,२०६ |

### ३३ स्वास्थ्य सेवा कर्मचारीको बढी तलब भुक्तानी

निजामति सेवा ऐन २०४९ को दफा १ मा आफ्नो पदमा बहाली गरेको दिन देखि तलब भत्ता पाउने र दफा १ को (क) मा कर्मचारीको तलब भत्ता पुनरावलोकन गर्नको लागि एउटा पुनरावलोकन समितिको व्यवस्था गरिएको छ यसै समितको सिफारिसको आधारमा नेपाल सरकारको अर्थन्त्रालयले कर्मचारीको तलबमान निर्धारण गर्दछ र सोहि बमोजिम कर्मचारीको तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ। यस पालिकाले गो.भौ.नं. १७४ र मिति २०८०/६/२९ मा स्वास्थ्य कर्मचारीलाई श्रावण महिनाको तलब भुक्तानी गर्दा देहाय बमोजिम बढी भुक्तानी गरेको पाइयो। त्यसैले बढी भुक्तानी भएको तलब असुल उपर गर्नुपर्ने रू.

| क्र.स. | कर्मचारीको नाम | ग्रेड सहित जानुपर्ने तलब | ग्रेड सहित गएको तलब | बढी गएको रकम | १०% संचयकोष थप सहित बढी रकम |
|---|---|---|---|---|---|
| १. | पार्वतीदेवी जोशी | ४८६२६ | ५२१०० | ३४७४ | ३८२१ |
| २. | यशोदाकु. ऐर | ४२८३६ | ४६३१० | ३४७४ | ३८२१ |
| **जम्मा** | | | | | **७६४२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६४२ |

३४ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस पालिकाले विभिन्न समयमा देहायबमोजिमको रू. ३२३०३५८ को औषधी खरिद गरेको पाइयो।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्णरुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत एकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था एकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| गो. भौ. नं. र मिति | औषधी आपूर्तीकर्ताको नाम | रकम | खरिद विधि |
|---|---|---|---|
| **संघीय चालु** | | | |
| १८८, २०८०/७/१७ | श्री सहारा मेडिसिन डिष्ट्रिव्युटर्स | ९८००० | सोझै खरिद |
| २९६, २०८०/११/२२ | श्री ग्लोबल ड्रग सप्लायर्स | १२८७००० | ईबिड |
| **स्वास्थ्य चालु** | | | |
| ७७,२०८१/३/२० | श्री मेघा मेडिसिन सप्लायर्स | ९८४१८६ | सोझै खरिद |
| ७८, २०८१/३/२१ | श्री युनिग्लोब ड्रग सप्लायर्स | ८६११७२ | ई विड |
| **जम्मा** | | **३२३०३५८** | |

३५ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरमा गत वर्ष ६५० थानको रु.५,८५.००० र यस वर्ष (e-Bid)बाट १०० थानको रु.५८,७६० र (सोझै खरिदबाट) ५०० थान को रु. ३,९४,६९० खरिद गरेकोमा गत वर्ष ४३८ जना यस वर्ष ४२७ जना गरी ८६५ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । १२५० न्यानो झोला मध्ये ८६५ थान वितरण भइ बाँकी ३८५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

## ३६ शिक्षकको बढी ग्रेड भुक्तानी

शिक्षा नियमावलीको नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम निकासा वा खर्च भएको रकम सम्बन्धित पदाधिकारीबाट असूल उपर गर्नुपर्ने व्यवस्था छ। निजामती सेवा ऐन २०४९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावलीको नियम १२६ को उपनियम २ को (ङ) मा राष्ट्रिय किताबखाना (शिक्षक) बाट शिक्षकको वार्षिक तलवी विवरण पारित गराउनु पर्ने व्यवस्था छ। पालिकाले देहायका शिक्षकलाई तलब निकासा दिदा राष्ट्रिय किताबखाना (शिक्षक) बाट प्रमाणित ग्रेड भन्दा बढी ग्रेड निकासा दिएको हुदा बढी ग्रेड रकम तथा थप संचयकोष भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| क्र.स. | विद्यालयको नाम | शिक्षकको नाम | बढीभुक्तानी ग्रेड | ग्रेडदर | १०% संचयकोष सहितको रकम | चाडपर्वको ग्रेड | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्रीराष्ट्रियमा.वि. | धना कुमारी पन्त | १ | १०९७ | १४४८० | १०९७ | १५५७७ | १२महिना रचाड पर्व सहितको ग्रेड भुक्तानी |
| **जम्मा** | | | | | | | **१५५७७** | |

| असुल गर्नुपर्ने | १५,५७७ |
|---|---|

## ३७ विद्यालयमा बढी तलब निकासा

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ व्यवस्था छ। पालिकाले मिति २०८०/६/२४ मा भौ नं ३३ बाट प्रथम त्रैमासिक तलब भत्ता निकासा गर्दा देहायका विद्यालयलाई बढी तलब निकासा गएको रकम असुल गर्नुपर्ने रू.

| क्र.स. | विद्यालयको नाम | बढी रकम |
|---|---|---|
| १. | श्री कृष्ण मावि झलारी | १२५०० |
| २. | श्री सिद्धनाथ आवि बसन्तपुर | २००० |
| **जम्मा** | | **१४५००** |

| असुल गर्नुपर्ने | १४,५०० |
|---|---|

## ३८ अग्रीम आयकर कट्टी नभएको

आयकर ऐन २०५८ को दफा ८७, ८८, ८८(क) र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले भौ नं ५१८ र मिति २०८१/३/२३ मा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरे बापतको खर्च भुक्तानीमा गर्दा देहाय बमोजिमको अग्रीम कर कट्टा नगरि भुक्तानी गरेको हुदा सो कर दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.स. | करको विवरण | रकम |
|---|---|---|
| १. | सामाजिक सुरक्षा कर | १९५ |
| २. | १.५% आय कर | ७३८१ |
| ३. | बहाल कर | १२०९० |
| ४. | पारिश्रमिक कर | ४३०९५ |
| ५. | आकस्मिक लाभ कर | १८००० |
| **जम्मा** | | **८०७६१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,७६१ |

३९ **नीजि शिक्षक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वाफत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले २७ विद्यालयमा ७० जना नीजि शिक्षक नियुक्त गरी विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.६८,४८,३९८.५० रकम विद्यालयको खातामा पठाएको छ। कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभएकोले यस्तो भुक्तानी नियम सम्मत देखिएन।यस्तो भुक्तानी नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.सं. | भौ.नं. र मिति | त्रैमासिक | भुक्तानी रकम | विद्यालय | शिक्षक संख्या | श्रोत |
|---|---|---|---|---|---|---|
| १ | २३-२०८१।०१।०४ | प्रथम | २२८२७९९.५० | २७ | ७० | राजस्व वाँडफाँड |
| २ | २४-२०८१।०१।०६ | दोस्रो | २२८२७९९.५० | २७ | ७० | राजस्व वाँडफाँड |
| ३ | ३७-२०८१।०३।१८ | तेस्रो | २२८२७९९.५० | २७ | ७० | राजस्व वाँडफाँड |
| | जम्मा | | ६८४८३९८.५० | | | |

४० **प्रति विद्यार्थी लागतका आधारमा अनुदान (शिक्षा चालु)**

भौ.नं. ३८ मिति २०८१।०३।१८ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि शसर्त कार्यक्रमवाट अनुदान दिने व्यवस्था छ। पालिकाले शसर्त कार्यक्रमवाट अनुदान निकासा भईसकेपछि पुर्न शिक्षा चालु शिर्षकवाट १० विद्यालयलाई रू.९,९३,६००। रकम निकासा भएको छ। यसरि शसर्त अनुदान अन्तर्गतको कार्यक्रम कार्यविधि मापदण्ड वेगर दोहोरो हुने गरि भुक्तानी भएको रकम नियम सम्मत देखिएन। अत: भुक्तानी भएको रकम अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ९,९३,६०० |

४१ **शिक्षा तर्फ**

४१.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका ३२ वटा सामुदायिक विद्यालयमा २०२ शिक्षक दरवन्दी रहेकोमा १९५ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र

हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२ (क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिका स्थित ३२ वटा सामुदायिक विद्यालयमा ८४२४ जना विद्यार्थी अध्ययनरत रहेका छन।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | | | | पालिका अनुदान शिक्षक | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | राहत | करार | जम्मा | | |
| १ | श्रीत्रिमुर्तिआवि | २ | १ | १ | | २ | | ३२ |
| २ | श्री शान्ति आ वि | ५ | ३ | २ | | ५ | | ३२ |
| ३ | श्री भवानी आ वि | ४ | ३ | १ | | ४ | | ४६ |
| ४ | श्री सिध्दभिम आ वि | ४ | १ | ३ | | ४ | १ | १८४ |
| ५ | श्री राम आ वि | १ | | | १ | १ | | ६३ |
| ६ | श्री राष्ट्रिय मा वि पिपलाडी | १६ | ११ | ५ | | १६ | ४ | ९२० |
| ७ | श्री धार्मा जनता मा वि | १५ | ९ | ६ | | १५ | ४ | ७२६ |
| **जम्मा ३२ वटा विद्यालयको** | | **२०२** | **९३** | **१०२** | **१** | १९५ | **६३** | **८४२४** |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:६ देखि १:६३ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखिन्छ। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

४१.२ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ३२ वटा विद्यालयलाई जम्मा रू १९८४९५० निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना हुनुपर्दछ।

४१.३ **विज्ञान प्रयोगशाला स्थापना -** शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कर्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.६ मा विज्ञान प्रयोगशाला स्थापन गर्न रू. ६५००००।०० अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले श्री जनजागृती मा वि गणेशपुर र श्री सरस्वति मा वि अमरपुरलाई विज्ञान प्रयोगशालाको लागि रू ६५००००।०० को दरमा निकासा भुक्तानी दिएकोमा विद्यालयले विज्ञान प्रयोगशाला स्थापनाको लागि खरिद गरिएका सामग्रीको प्राविधिक स्पेसिफिकेशन विना खरिद गरेको देखिन्छ। स्पेसिफिकेशन विना खरिद गरिएका सामाग्रीको गुणस्तरमा आश्वस्त हुने आधार देखिदैन। अतः प्राविधिक तथा ल्याब सामग्री खरिदमा निर्देशिकामा उल्लेखित तथा आवश्यक मापदण्डका आधारमा खरिद गर्नु पर्दछ। कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना भएको पाइएन। आयकर ऐन २०५८ को दफा ८७, ८८, ८८(क) र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौ नं ४४५ र मिति २०८१/३/१२ मा विद्यालयहरुलाई विज्ञान प्रयोशालाको लागि अन्तिम निकासा अनुदान भुक्तानी दिदा खरिद गरिएका सामग्रीको बिलमा अग्रीम आयकर कट्टी नगरि भुक्तानी दिएको पाइयो। सो रकम सम्बन्धित विद्यालयले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.स. | भौनं र मिति | विद्यालयको नाम | आय कर लाग्ने बिल रकम | १.५% अग्रीम आयकर |
|---|---|---|---|---|
| १. | ४४५, २०८१/३/१२ | श्री जनजागृती माविग णेशपुर | ६४४००० | ९६६० |
| २. | ४४५, २०८१/३/१२ | श्री सरस्वति मावि अमरपुर | ४५९०१५ | ६८८५ |
| **जम्मा** | | | **११०३०१५** | **१६५४५** |

| प्रमाण पेश नगरेको | १६,५४५ |
|---|---|

४१.४ **पुस्तकालय व्यवस्थापन -** शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कर्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.५ मा पुस्तकालय व्यवस्थापन गर्न रू. ६५००००।०० अनुदान दिने व्यवस्था छ। छ। यस वर्ष पालिकाले श्री बैजनाथ आ वि लक्ष्मीपुरलाइ पुस्तकालय व्यवस्थापनको लागि रू ६५००००।०० निकासा दिएकोमा भौ नं ४४५ र मिति २०८१/३/१२ बाट अन्तिम निकासा दिदा विद्यालयले पुस्तकालय व्यवस्थापनको लागि खरिद गरिएका सामग्रीको बिलमा अग्रीम आयकर कट्टी नगरि भुक्तानी दिएको पाइयो। आयकर ऐन २०५८ को दफा ८७, ८८, ८८(क) र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। त्यसैले अग्रीम आयकर लाग्ने रकम रू ५२८३८० को १.५ प्रतिशत कर रकम सम्बन्धित विद्यालयले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ७,९२६ |
|---|---|

४१.५ **अनुदान व्यवस्थापन -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रकृया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मावनस्रोत केन्द्रमा पठाउने व्यवस्था छ। यस पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ३२ वटा विद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कार्यान्वयन भए नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदन देखिएन। अत: विद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वयन भएको छ भनि विश्वस्त हुने आधार देखिएन। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेशगर्नु पर्दछ।

| क्र. सं. | विद्यालयलाई गएको अनुदान | रकम |
|---|---|---|
| १ | शिक्षण सहयोग अनुदान | ८९४७७३० |
| २ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | १४००००० |
| ४ | गैरआवासिय छात्रवृत्ति | १३३६००० |
| ५ | बौद्धिक अपाङ्गता आवासिय छात्रवृत्ति | ४००००० |
| ६ | अंग्रजी गणित र विज्ञान शिक्षण सहयोग अनुदान | ८५३०९७० |
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १९९४००० |
| **जम्मा** | | **२२६०८७००** |

४१.६ **ICT ल्याब व्यवस्थापन-** शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कर्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.५ मा पुस्तकालय तथा ICT ल्याब व्यवस्थापन गर्न रू. ६५००००।०० अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले श्री जनभावना आ वि नौखरी र श्री बैजनाथ आ वि पारिफाँटलाई ICT ल्याब व्यवस्थापनको लागि रू ६५००००।०० को दरमा निकासा दिएकोमा विद्यालयले ICT ल्याब व्यवस्थापनको लागि खरिद गरिएका सामग्रीको प्राविधिक स्पेसिफिकेशन विना खरिद गरेको देखिन्छ। स्पेसिफिकेशन विना खरिद गरिएका सामग्रीको गुणस्तरमा आश्वस्त हुने आधार देखिदैन। अतः प्राविधिक तथा ल्याब सामग्री खरिदमा

निर्देशिकामा उल्लेखित तथा आवश्यक मापदण्डका आधारमा खरिद गर्नु पर्दछ।कार्यक्रम कार्यान्वियन पुस्तिकाको पालना भएको पाइएन। आयकर ऐन २०५८ को दफा ८७, ८८, ८८(क) र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौ नं ४४५ र मिति २०८१/३/१२ मा विद्यालयहरुलाई ICT ल्याब व्यवस्थापनको लागि अन्तिम निकासा अनुदान भुक्तानी दिदा खरिद गरिएका सामग्रीको बिलमा अग्रीम आयकर कट्टी नगरि भुक्तानी दिएको पाइयो। त्यसैले जम्मा अग्रीम आयकर सम्बन्धित विद्यालयले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| **क्र.स.** | **भौनं र मिति** | **विद्यालयको नाम** | **अग्रीम आयकर लाग्ने रकम** | **१.५% अग्रीम आय कर** |
|---|---|---|---|---|
| १ | ४४५, २०८१/३/१२ | श्री जन भावना आवि नौखरी | ५७३४५२ | ८६०१ |
| २ | ४४५, २०८१/३/१२ | श्री बैजनाथ आवि पारिफाँट | ५७५२२१ | ८६२८ |
| **जम्मा** | | | **११४८६७३** | **१७२२९** |

| असुल गर्नुपर्ने | १७,२२९ |
|---|---|

४१.७ **पाठ्यपुस्तक अनुदान-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ व्यवस्था छ साथै कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था रहेको छ सोहि कार्यक्रमको बुदा नं. ३.१ को (५) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापनका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० सम्मको लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटक विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा बाँकि अनुदान शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरणका आधारमा यकिन गरि नपुग रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । यस पालिकाले २०८१ को शैक्षिक सत्रको लागि पहिलो पटक ७५ प्रतिशत अनुदान ३२ वटा विद्यालयलाई रू. ३९४१५३५ भुक्तानी दिएकोमा दोस्रो पटक थप अनुदान रकम रू. १३३२८९९ गरि जम्मा रु ५२७४४३४ पाठ्यपुस्तक अनुदान दिएको पाईयो। तर नमुना परिक्षणको क्रममा पेश्कीको रुपमा लिएको ७५ प्रतिशत पाठ्यपुस्तक अनुदान भौ. नं. ४७१ र मिति २०८१/०३/१७ मा निम्नानुसारका विद्यालयले थप अपुग रकम लिदा विद्यार्थीले बुझेको भरपाई पेश नगरेको पाइयो। त्यसैले विद्यार्थीले बिल बमोजिमको पाठ्यपुस्तक बुझेको भरपाई प्रमाण पेश गर्नुपर्ने रू.

| **क्र.स.** | **विद्यालयको नाम** | **जम्मा रकम** |
|---|---|---|
| १. | श्री सरस्वती मा.वि. | ३२४०६९ |
| २. | श्री कृष्ण मा.वि.झलारी | २३७८९० |
| ३. | श्री कालिका मा.वि.असैना | १७४९३२ |
| ४. | श्री शिवशंकर मा.वि. गर्जमुनी | २४४७२४ |
| ५. | श्री जन भावना आ.वि.नौखरी | १७०८३३ |
| ६. | श्री जनज्योती आ.वि.जोनापुर | ८८५२४ |
| ७. | श्री बैजनाथमा.वि. कसरौल | २६२३३१ |
| ८. | श्री शिवशक्ती मा.वि. कालागैडी | २८३१५० |
| **जम्मा** | | १७८६४५३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,८६,४५३ |

४१.८ **दिवा खाजा कार्यक्रम** - आर्थिक वर्ष २०८०/८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८०/८१ को अनुसूची ४ (ख) मा ४ देखि ९ वर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले सशर्त अनुदानबाट कुल ३२ विद्यालयका लागि खाजा वापत रू. ८१९४२०० विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरको पाइएन साथै विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सहि सदुपयोग भएको छ छैन एकिन हुन सकिएन।

४१.९ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४१.१० **कार्य सम्पादनमा आधारित अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं. २.७.१३.१३ को बुदा नं. ९.३ अनुसार स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालय छनोट गर्दा कम्तिमा आधारभुततर्फ १०० विद्यार्थी र माध्यामिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरुमध्ये सामाजिक परिक्षण मापदण्ड २०७८ ले तोकेको विधि प्रक्रिया र पद्धति बमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मानि उच्च अङ्क प्राप्त गर्ने प्रथम र द्धितिय हुने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख निकासा गर्ने व्यवस्था छ। पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्व-मुल्याङ्कनको आधारमा देहाएका विद्यालयलाई निकासा भएको देखियो। कार्यान्वयन पुस्तिकाको सबै व्यहोरा पालना गरी अनुदान भुक्तानी दिनुपर्दछ।

| **क्र.सं.** | **विद्यालयको नाम** | **रकम** |
|---|---|---|
| १ | श्री बैजनाथ आ वि पारीफाँटा | ३००००० |
| २ | श्री सरस्वती मा वि अमरपुर | २००००० |
| **जम्मा** | | **५०००००** |

४१.११ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २८२७ जना रहेका छन। पालिकाले ए.जि. हेल्थ इन्डिष्ट्रज प्रा.लि. रुपन्देहीबाट (e-Bid) ५९१४८ थान स्यानिटरी प्याड रु. ३१,४१,३५०.२८ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४२ **सामाजिक सुरक्षा तर्फ**

४२.१ **सामाजिक सुरक्षा वितरण** - यस पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा सामाजिक सुरक्षा भत्ता वाफत विभिन्न २ वटा बैंक कुमारी र NMB बैकं लि. वाट जम्मा रु.१९ करोड १८ लाख ८२ हजार वितरण गरेको विवरण उपलब्ध गराएको छ।

| क्र.सं. | सामाजिक सुरक्षा भत्ता पाउने समुह | वितरण गरेको संख्या | वितरण गरेको रकम |
|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | १०३९४ | १२३६८५२२४ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | १२७७ | १००४४७७९ |
| ३ | जेष्ठ नागरिक एकल महिला | १५२६ | १२१३४९२० |
| ४ | विधवा | ३८०७ | ३०१०३५७५ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ४५६ | ५४०२५९३ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | १०४५ | ६५८८३४१ |
| ७ | दलित बालबालिका | २५९५ | ३९२२७१३ |
| | जम्मा | २११०० | १९१८८२१४५ |

४२.२ **निष्क्रिय खाताको विवरण नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैकंबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएकोले के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन। बैँकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ।

४२.३ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

४२.४ **दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण**– आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्न लाभग्राहीलाई दोहोरो हुने गरी भत्ता भुक्तानी दिएको पाइयो। अत:दोहोरो परेको रकम असुल हुनुपर्ने रू.

| क्र.सं. | सामाजिक सुरक्षाको प्रकार | वडा नं. | लाभग्राहिको नाम | परिचय पत्र नम्बर | नागरिकता नम्बर | दोहोरो परेको रकम |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक | २ | डम्मर सिह साउद | १९८३१२३०२२९७८ | ना.प्र.न.७३७२०३८८ | १०७१६८.१८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०७,१६८.१८ |

४२.५ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ।पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

## ४३ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका १२ वडामा सूचिकृत ४६३ बेरोजगार मध्ये यो वर्ष २२ योजना सञ्चालन गरी ६५ जनालाई औसत ९५.६७ दिनले ६२१८ दिन रोजगारी उपलव्ध गराई रू. ४१५३६२४ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। अत्यन्तै थोरै संख्या वर्षको करिब १४.०४ प्रतिशत मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

| **वडा नं.** | **सुचिकृत बेरोजगार संख्या** | **रोजगार संख्या** | **प्रति व्यक्ति रोजगार प्राप्त गरेको दिन** | **रोजगार प्राप्त गरेको दिन** | **कुल खर्च** | **प्रति व्यक्ति औषत रोजगारी आय** | **रोजगार प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| १. | ४० | ५ | १०० | ५०० | ३३४००० | ६६८०० | १.२५ |
| २. | ३२ | २ | १०० | २०० | १३३६०० | ६६८०० | ६.२५ |
| ३. | २७ | ३ | १०० | ३०० | २००४०० | ६६८०० | ११.११ |
| ४. | ६० | ५ | ८२ | ४१० | २७३८८० | ५४७७६ | ८.३३ |
| ५. | ५५ | ५ | १०० | ५०० | ३३४००० | ६६८०० | ९.१ |
| ६. | २७ | २ | १०० | २०० | १३३६०० | ६६८०० | ७.४० |
| ७. | ९० | ५ | १०० | ५०० | ३३४००० | ६६८०० | ५.५५ |
| ८. | ३२ | १६ | ९९.२८ | १५८८.४८ | १०६११०५ | ६६३१९ | ५० |
| ९. | २० | ५ | १०० | ५०० | ३३४००० | ६६८०० | २५ |
| १०. | ६ | ६ | ७० | ४२० | २८०५६० | ४६७६० | १०० |
| ११. | ४७ | ६ | १०० | ६०० | ४००८०० | ६६८०० | १२.७६ |
| १२. | २७ | ५ | १०० | ५०० | ३३४००० | ६६८०० | १८.५२ |
| **जम्मा** | **४६३** | **६५** | **९५.६७** | **६२१८** | **४१५३६२४** | **६३९०२** | **१४.०४** |

## ४४ शैक्षिक भ्रमण खर्च

नेपालको संविधानको धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित विषयमा निहित रहने उल्लेख छ। यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगर सभाले बनाएको कानून बमोजम हुने उल्लेख छ। यसैगरी स्थानीय सरकार सञ्चालन

ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई संविधानको अनुसूची-८ बमोजिम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ। उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, सञ्चालन र व्यवस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ।पालिकाले गो.भौ.नं. ९५२(२०८०।०८।२७) बाट नरेश राज पन्तको नाममा कृष्ण बैजनाथ बहुमुखी क्याम्पस झलारीका विद्यार्थीलाई शैक्षिक भ्रमणको लागि रू. ५०,०००।०० सहयोग रकम भुक्तानी गरेको देखिन्छ। पालिकाले आन्तरिक आय समेतलाई ध्यानमा राखी वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण गर्नुपर्दछ। क्याम्पसका विद्यार्थीलाई भ्रमण खर्च बापत भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

४५ **नियमपालन नगरी विज्ञापन खर्च**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। यस पालिकाबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। यस पालिकाबाट विज्ञापन वापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम विज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

| गो.भौ. नं./मिति | मिडिया/एजेन्सीको नाम | भुक्तानी रकम(मू.अ. कर समेत) | विज्ञापन वोर्डमा पठाउनु पर्ने रकम ३ प्रतिशत(मू.अ. कर बाहेक) |
|---|---|---|---|
| १२८६(२०८०-१०-१८) | अनिरुद्र विज्ञापन एजेन्सी | ९२८२० | २४५७ |
| ११८८(२०८०-१०-११) | अपी विज्ञापन एजेन्सी | ४८४९० | १२८५ |
| २००६(२०८१-०३-०९) | आर.के. एडभरटाइजिङ्ग एण्ड सप्लायर्स | १६४३०६ | ४३७५ |
| जम्मा | | | ८११७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,११७ |

४६ **सामाजिक सुरक्षा भत्ता वितरण यातायात खर्च**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(३) वमोजिम सामाजिक सुरक्षा भत्ता रकम सामाजिक सुरक्षा भत्ता बाहेक अन्य कार्यमा खर्च गर्न पाईने छैन र भत्ता पाइरहेका लाभग्राहीका लागि नेपाल सरकारबाट प्राप्त भत्ता रकममा प्रदेश सरकार वा स्थानीय तहले आफ्नो कोषबाट कुनै पनि रकम थप गरि प्रदान गर्न सक्ने छैन भन्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैंकिङ प्रणालीबाट गर्ने गरेको छ। तर उक्त रकम सम्बन्धित लाभग्राहीको घर घरमा उपलब्ध गराउने उल्लेख गरी सामाजिक सुरक्षा भत्ता वितरणको लागि खटिएका पदाधिकारी र कर्मचारीलाई यातायात खर्च बापत गो.भौ.नं. १०३०(२०८०।०९।१२) बाट रू. ३२४००।०० भुक्तानी भएको छ। यस्तो बैंकिङ प्रणालीबाट वितरण गरिने सामाजिक सुरक्षा भत्ता वितरणको लागि गरिएको अतिरिक्त खर्च औचित्यपूर्ण नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३२,४०० |

४७ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम खर्च पुष्टि गर्ने प्रमाण बेगर रू. ४७८०००।००भुक्तानी गरेको छ।जसबाट सार्वजनिक कोषको सदुपयोग तथा खर्चको यथार्थता झल्किदैंन। यसर्थ, बिल भरपाई लगायत खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने रू.

| क्र.सं. | भौचर नं. | भुक्तानी प्राप्त कर्ताको नाम | भुक्तानी रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | ८१८(२०८०।०८।२०) | त्रिशक्ति पुस्तक भण्डार | ९९९५० | पालिकाको वडा नं. ५ कार्यालयले उल्लिखित रकम बराबरको फुटबल, फुटबल जाली, फुटबल प्याड, ग्लोब्स, भलिबल नेट, फुटबल नेट, क्रिकेट प्याड, क्रिकेट बल, ब्याटमिन्टन र्‍याकेट, कर्क लगायतका खेलकुद सामग्रीहरु खरिद गरी वितरण सम्पन्न गरेको भनी त्रिशक्ति पुस्तक भण्डारलाई भुक्तानी दिएकोमा उक्त सामग्रीहरु कसलाई कुन प्रयोजनको लागि वितरण गरिएको हो भन्ने व्यहोरा सहितको माग फारम, वितरण भरपाई, फोटो लगायतका खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने, |
| २ | १४७२(२०८०।११।१४) | श्री जनजागृती मा.वि. गणेशपुर | १००००० | विद्यालयले पन्चिङ्ग ब्याग, ग्लोब्स, किड ब्याग, डोरी, हेड गार्ड, सिन गार्ड खरिद गरेको बिलहरुको आधारमा पालिलकाले रकम भुक्तानी गरेकोमा उल्लिखित सामग्रीहरुको प्रयोजन खुल्ने कागजात सहित माग फारम, खरिद आदेश र जिन्सी दाखिला भएको दाखिला प्रतिवेदन पेश नभएकोले पेश गर्नुपर्ने। |
| ३ | १६२३(२०८०।१२।२५) | त्रिशक्ति पुस्तक भण्डार प्रा.लि. | १९६७५ | पालिकाले विभिन्न १७ थान खेलकुद ड्रेसको बिल पेश भएको आधारमा उल्लिखित पुस्तक भण्डारलाई भुक्तानी गरेकोमा उक्त खेलकुद ड्रेसको प्रयोजन तथा वितरण भरपाई लगायतका खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने। |
| ४ | २०१६(२०८१।०३।०९) | ओम हार्डवयर | ९८३१० | कृषकलाई डुड खरिद तथा वितरण कार्यक्रम अन्तर्गत १५ सेट चारामेशिन(डुड) १५ सेट खरिद गरि भुक्तानी दिएकोमा उल्लिखित डुड मेसिन माग गर्ने कृषकको माग निवेदन, छनौट, छनौटका आधार, वितरण भरपाइ, फोटो लगायतका खर्च पुष्टि कागजात पेश गर्नुपर्ने। |
| ५ | २२३४(२०८१।०३।२०) | काजल पुस्तक पसल तथा चस्मा सेन्टर | २९००० | पालिकाको ११ नं. वडा कार्यालयले खरिद गरेका खेलकुद सामग्रीहरु प्रयोजन, माग फारम, वितरण भरपाई, फोटो लगायतका खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने। |
| ६ | २२३६(२०८१।०३।२०) | त्रिशक्ति पुस्तक भण्डार | ६८०६५ | पालिकाको १० नं. वडा कार्यालयले खरिद गरेका वाद्यवादन सामाग्रीहरुको प्रयोजन, माग फारम, वितरण भरपाई, फोटो लगायतका खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने। |
| ७ | २२८०(२०८१।०३।२१) | आधारभुत स्वास्थ्य सेवा केन्द्र | ४५००० | आधारभुत स्वास्थ्य चौकीलाई भुक्तानी भएकोमा खर्च पुष्टि गर्ने बिलभरपाई लगायतका खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने। |
| ८ | २२८४(२०८१।०३।२१) | पीपलाडी स्वास्थ्य चौकी | १८००० | आधारभुत स्वास्थ्य चौकीलाई भुक्तानी भएकोमा खर्च पुष्टि गर्ने बिलभरपाई लगायतका कागजात पेश गर्नुपर्ने। |
| जम्मा | | | ४७८००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७८,००० |

४८ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ३(२०८०-०६-१७) बाट नेपाल विद्युत प्राधिकरणलाई नवनिर्मित कार्यालय भवनमा विद्युत मिटर जडान लगायतका कार्यको लागि रू. ५५६६९७।०० भुक्तानी गरेको देखिन्छ। रकम भुक्तानी गर्दा लागत अनुमान, कार्य आदेश, कार्यसम्पन्न प्रतिवेदन, प्राविधिक नाँपजाच, प्राविधिक बिल, भुक्तानी सिफारिश समेतका खर्च पुष्टि गर्ने कागजात पेश नभएको हुँदा भुक्तानी गरिएको खर्च यथार्थ भए नभएको सम्बन्धमा एकिन हुन सकिएन। अत: खर्च पुष्टि गर्ने कार्य आदेश, कार्यसम्पन्न प्रतिवेदन, प्राविधिक नाँपजाच, प्राविधिक बिल, भुक्तानी सिफारिश समेतका कागजात पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५६,६९७ |

४९ **असुल गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. २३६६(२०८०।०३।२३)बाट ठकुल्ला ट्रेडर्सबाट प्लाष्टिक कुर्सी खरिद बापत रू. १८५५१८।०० को बिल पेश भएकोमा रू. १८९५१८।०० भुक्तानी गरी बिल भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रू. ४०००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

५० **फिटनेश सेन्टरलाई रकम भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ।संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष देहायको नाफामूलक ऐर फिटनेश सेन्टरलाई विविध कार्यक्रम खर्च वापत रकम भुक्तानी गरेको छ। यसरी निश्चित कार्यविधि र मापदण्ड नबनाई नाफा कमाउने उद्देश्यले स्थापना भएका संस्थालाई रकम भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| गो.भौ.नं. | भुक्तानी गरिएको रकम रू. | व्यहोरा |
|---|---|---|
| १०७९(२०८०-०९-२२) | ५०००० | लागु औषध तथा कुलतमा लागेका युवाहरुलाई व्यायम गराउने कार्य गरेको भन्ने व्यहोरा उल्लेख कागजात पेश गरी रकम भुक्तानी गरेको, |
| १३६३(२०८०-१०-२२) | ४९९९९ | पालिकाको ५ नं. वडामा लागु औषध सम्बन्धी चेतनामूलक कार्यक्रम सम्पन्न गरेको भनी विभिन्न बिल पेश गरेको आधारमा रकम भुक्तानी गरेको, |
| जम्मा | ९९९९९ | |

५१ **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ।संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। नमूना परीक्षणको क्रममा पालिकाले यस वर्ष गो.भौ.नं. १०९९(२०८०।०९।२३) बाट बैजनाथ मन्दिर समितिलाई भागवत महापुराण यज्ञको लागि रू. ६३१००।०० रकम भुक्तानी गरेको देखिन्छ। पालिकाले खर्चको उपादेयता बेगर खर्च भुक्तानी गर्दा सार्वजनिक कोषको सदुपयोग भएको एकिन हुँदैन। पालिकाले यस्तो खर्च गर्दा स्पष्ट कार्यविधि बनाएर उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्दछ।

५२ **पाम्स दाखिला गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७८ अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तिको लेखाकंन प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ प्रदेशका सबै कार्यालयहरू एवं सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आर्थिक वर्ष २०७७।७८ देखि अनिवार्य रूपमा लागु गर्नुपर्ने निर्णय भएको छ। पालिकाले देहाय अनुसारको जिन्सी सामान उक्त प्रणालीमा प्रवीष्ट गरेको छैन। सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्न खरिद भएका सबै जिन्सी सामाग्रीहरू अनिवार्य रूपमा PAMS मा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रू.

| **गो.भौ.नं.** | **दाखिला गर्नुपर्ने सामग्रीको नाम** | **रकम रू.** | **कैफियत** |
|---|---|---|---|
| १२८८(२०८०।१०।१८) | पालिकाको सहकारी ऐनको परिमार्जन, पालिकाको संघ संस्था दर्ता ऐन थान-१ र विद्युतीय तथा अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन ऐन थान-१ को इकपी तथा ड्राफ्ट प्रिन्टेट कपी | ९५००० | इकपी तथा ड्राफ्ट प्रिन्टेट कपी उपलब्ध गराउने भनी भएको सम्झौता बमोजिम उल्लिखित ऐनको इकपी तथा ड्राफ्ट प्रिन्टेट कपी लेखापरीक्षणको क्रममा पेश नभएकोले सम्बन्धितबाट प्राप्त गरी पाम्स दाखिला गर्नुपर्ने तथा प्रमाण पेश गर्नुपर्ने |
| १३८१(२०८०।११।०१) | Himstar Refrigerator थान-१ | ३५००० | आधारभुत स्वास्थ्य सेवा केन्द्र, वडा नं. २ लक्ष्मीपुरको लागि खरिद गरिएको भन्ने व्यहोरा उल्लेख गरेकोमा दाखिला प्रमाण पेश गनुपर्ने |
| | १ HP water Pump set थान-१ | ८३०० | पाम्स दाखिला प्रमाण पेश गर्नुका साथै उल्लिखित पम्प कुन प्रयोजनको लागि खरिद गरिएको हो तथा सोको प्रयोजन सहितको खर्च पुष्टि गर्नु कागजात पेश गर्नुपर्ने। |
| जम्मा | | १३८३०० | |

| प्रमाण पेश नगरेको | १,३८,३०० |
|---|---|

५३ **वडा सदस्यलाई साइकल वितरण**

पालिकाको पदाधिकारी तथा सदस्यहरुलाई सुदूरपश्चिम प्रदेशको लागि स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधयेकको दफा ३ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१(ख) बमोजिम बाहेकको सुविधा उपलब्ध गराउने व्यवस्था छैन। पालिकाले वडा नं. ६ को वडा सदस्यलाई वितरण गर्ने भनी ५ थान साइकल खरिद गरी गो.भौ.नं. १३८३(२०८०-११-०१) बाट नेगी साइकल स्टोरलाई रू. ४९९४६।०० भुक्तानी दिएको देखिन्छ । यसरी ऐनमा उल्लेख नभएको सुविधा वापत वडा सदस्यलाई साइकल वितरण गर्ने कार्य नियम सम्मत नदेखिएको रू.

| अनियमित भएको | ४९,९४६ |
|---|---|

५४ **छात्रवृत्ति वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था छ। यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। गो.भौ.नं. १४५६(२०८०।११।१३) बाट विभिन्न १७ जना विद्यार्थीलाई जनही पाँच हजार देखि पन्ध्र हजार सम्म वितरण गरी रू. १०००००।०० खर्च लेखेको देखिन्छ। पालिकाको ५ नं. वडा कार्यालयले स्पष्ट कार्यविधि बेगर वडा अध्यक्षको अध्यक्षतामा बसेको वडाको बैठकबाट निर्णय गरी खर्च गरेको देखिन्छ। यसरी खर्च गर्दा विद्यार्थी छनौटका प्रष्ट आधार समेत नखुलाइएको हुँदा वास्तविक गरिब विपन्न तथा असहाय छात्रछात्राले छात्रवृत्ति पाए नपाएको तथा सार्वजनिक कोषको सदुपयोग भएको सम्बन्धमा एकिन हुन सकिएन। अत: छात्रवृत्ति वितरण गर्दा स्पष्ट कार्यविधि बनाई खर्चको सदुपयोग भएको सुनिश्चित हुने गरी खर्च गर्नुपर्दछ।

५५ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. १४७२(२०८०-११-१४) बाट श्री जनजागृती मा.वि. गणेशपुरलाई विभिन्न खेलकुद सामग्रीहरु खरिद गरेको बिल पेश गरेको आधारमा रू. १०००००।०० भुक्तानी गरेको छ।विद्यालयले रू. ९७५५०।०० बराबरको मात्र बिल भरपाई पेश छ जसमा २४५०।०० बढी भुक्तानी गरेको देखिन्छ। अत: बढी भुक्तानी एकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४५० |

५६ **वृत्तचित्र निर्माण**

स्टार मिडिया प्रा.लि.सँग वृत चित्र निर्माण सम्बन्धी गरेको सम्झौतामा खर्च खुल्ने सम्पूर्ण बिल, भरपाई, सहित कार्यक्रम सम्पन्न गरेको प्रतिवेदन पेश गर्नु पर्ने उल्लेख छ। नगरभित्र सञ्चालित तथा सम्पन्न योजनाहरुको डकुमेन्ट्री तयार गरी उपलब प्रा.लि.लाई गो.भौ.नं. १८३३(२०८१-०२-१७) बाट रू.४,९९,५००।- भुक्तानी दिएको छ। सम्झौता बमोजिम कार्यक्रम सम्पन्न भएको प्रतिवेदन र TOR अनुसार भिडियो निर्माण भए/ नभएको सम्बन्धमा चेकजाँच भएको पाईएन। साथै स्पष्ट लागत अनुमान समेत तयार नगरी तयार गरिएको वृत्त चित्रको खर्च मितव्ययिता समेतमा एकिन हुन सकिएन। प्राप्त भएका डकुमेन्टी, ईलेक्ट्रोनिक कपी र सिडि/पेनड्राइभ पालिकाको वेभसाइट, सामाजिक सञ्जाल समेतमा अपलोड भएको देखिंदैन। अत: पालिकाले पालिकाले वृत्त चित्र निर्माण लागत अनुमान, उपादेयता समेतलाई ध्यानमा राखी मितव्ययी तवरले वृत्तचित्र निर्माण गर्नुपर्दछ र वृत्तचित्र निर्माण पश्चात निर्माण गरिएको वृत्तचित्रको प्राविधिक नाँपजाँच गरी ईलेक्ट्रोनिक कपी दाखिला गरी पालिकाको वेवसाईट तथा सामाजिक सञ्जालहरुमा समेत अपलोड गर्ने व्यवस्था गर्नुपर्दछ।

५७ **मोबाइल वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. २००६(२०८१।०३।०९)बाट ४ वटा मोबाइल खरिद गरी वडा नं. १२ कालागौडाका महिला स्वयमसेविकालाई वितरण गरी रू. ७३९८०।०० खर्च लेखेको छ। स्पष्ट कार्यविधि बेगर गरिएका वितरणमुखी कार्यको आवश्यकता र औचित्य पुष्टि हुने आधार समेत देखिंदैन । दीर्घकालीन पुँजी निर्माण हुने कार्यको साटो अनुत्पादक कार्यमा बजेट खर्च गर्ने प्रवृत्तिले बजेट प्रभावकारीता तथा आर्थिक अनुशासन कायम हुन सक्दैन। अत: औचित्यपूर्ण नदेखिएको वितरणमुखी खर्च रू.

| | |
|---|---|
| अनियमित भएको | ७३,९८० |

५८ **प्रमाण पेश गर्नुपर्ने**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रू. १५११२१।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ।

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मूल्य अभिवृद्धि कर रकम | ३०प्रतिशत रकम |
|---|---|---|---|---|
| १८८३(२०८१।०२।१७चालु) | स्टार मेडिया नेटवर्क प्रा.लि. | ४९९५०० | ५७४६५ | १७२३९ |
| २०७७(२०८१।०३।१३चालु) | जय श्री अटो ईन्जिनियरिङ वर्कसप | ४९७२०० | ५७२०० | १७१६० |
| २०८५(२०८१।०३।१३चालु) | | १६६५४२ | १९१६० | ५७४८ |
| २०७८(२०८१।०३।१३चालु) | ए.डि. अर्थमुभर्स एण्ड सर्भिस सेन्टर | १९७७४९ | २२७५० | ६८२५ |
| २०७९(२०८१।०३।१३चालु) | | १०८६४९ | १२४९९ | ३७५० |
| २०८३(२०८१।०३।१३चालु) | | ७४५८० | ८५८० | २५७४ |
| २२४६(२०८१।०३।२१चालु) | दिपसन मल्टी टेक्निकल ट्रेनिङ्ग सेन्टर प्रा.लि. | ७८४६७४ | ९०२७२ | २७०८२ |
| ३५२(२०८१।०३।२४ पुँजीगत) | अनफ्लो ईन्जिनियरिङ | ४९७२०० | ५७२०० | १७१६० |
| ३२२(२०८१।०३।२४ पुँजीगत) | हुनैनाथ कन्सल्टीङ प्रा.लि. | २९१५४० | ३३५४० | १००६२ |
| ३२३(२०८१।०३।२४पुँजीगत) | अपिसैपाल विकास मञ्च | ४९०४२० | ५६४२० | १६९२६ |
| १२१८(२०८०।१०।१५ चालु) | शाग्रिला इन्फरमेटिक्स् प्रा.लि. | २,५०,००० | २८७६१ | ८६२८ |
| १७३७(२०८१।०१।२० चालु) | कोड फ्युजन टेक्नोलोजिज प्रा. लिं | २,१०,७४० | २४२४४ | ७२२३ |
| २६२(२०८१।०३।२२ पुँजीगत) | के एम ईन्टरपाईजेज | ३,११,३०० | ३५८१३ | १०७४४ |
| | | | ५०३९०४ | १५११२१ |

तसर्थ, उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०३,९०४ |

५९ **शीर्षक फरकपारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ र अर्थ मन्त्रालयको एकिकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट खर्च लेख्दा तोकिएको शीर्षकबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको खर्च सम्बन्धित शीर्षकबाट नलेखि फरक शीर्षकबाट खर्च लेखेको नियम सम्मत नदेखिएको रू.

| गो.भौ.नं./ मिति | खर्च लेखेको शीर्षक | खर्च लेख्नुपर्ने शीर्षक | रकम रू. |
|---|---|---|---|
| विभिन्न भौचरबाट | विपद व्यवस्थापन | आर्थिक सहयोग/ सहायता | ४३१८२१ |
| २४१२(२०८१।०३।२४) | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | अन्य भत्ता | ११२५०० |
| जम्मा | | | ५४४३२१ |

| | |
|---|---|
| अनियमित भएको | ५,४४,३२१ |

६० **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. २२३५(२०८१।३।२०)बाट आरसीटी इन्जिनियरिङ्ग वर्कसपलाई१३ मिटर ११०mm PVC pipe, २५० मिटर २०mm HDPE Pipe, १० मिटर ७५mm PVC pipe, १० मिटर २५mm socket, १० मिटर long body ss२१खरिद बापत रू.९९६३७।०० भुक्तानी दिएको देखिन्छ। लागत अनुमान समेत तयार नगरी खरिद गरिएका उल्लिखित पाइप तथा पम्प जडानको प्राविधिक नापजाँच, प्राविधिक बिल लगायत खर्च पुष्टि गर्ने कागजात संलग्न छैन। जसबाट खरिद गरिएका सामग्रीको सदुपयोगको सम्बन्धमा एकिन हुन सकिदैंन। अत: पाइप तथा पम्प जडानको प्राविधिक नापजाँच, प्राविधिक बिल, फोटो, कार्य सम्पन्न तथा अनुगमन प्रतिवेदन लगायतका कागज प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,६३७ |

६१ **जनसहभागिताको अंश**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। कार्यपालिकाले सडक पूर्वाधारका कार्यमा कम्तिमा १० प्रतिशत र अन्य कार्यमा कम्तिमा २० प्रतिशत उपभोक्ता समितिको लागत सहभागिता रहने गरी निणर्य गरेकोमा तपशिलको निर्माण कार्यमा उपभोक्ता समितिको घटी अंश कट्टी नगरी भुक्तानी भएकोले घटी कट्टा रकम सम्बन्धित उपभोक्ता समितबाट असुल गर्नुपर्ने रू.

| गो.भौ.नं. | योजनाको नाम | उपभोक्ता समितिको | भुक्तानी रकम रू. | भुक्तानी हुनुपर्ने रू | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २०५९(२०८१।०३।१२) | रानीपुर नयाँ गौरेघर निर्माण योजना | श्री रानीपुर नयाँ गोरेघर निर्माण उ.स. | ६२६४९ | ५०११९ | १००२३ |
| २०६०(२०८०।०३।१२) | सिद्धनाथ मन्दिर स्तरोन्नती | श्री सिद्धनाथ मन्दिर सेवा समिति | १८६८४ | १४९४७ | २९८९ |
| २१५०(२०८१।०३।१७) | बिर बेताल संरक्षण तथा सम्बर्द्धन समिति रंगरोगन | श्री बिर बेताल संरक्षण तथा सम्बर्द्धन समिति | ५३८८८ | ४३११० | ८८६२ |
| २३१९(२०८१।०३।१९) र २४४(२०८१।०३।२२ पुँजीगत) | थुनुवा मन्दिर निर्माण योजना | थुनुवा मन्दिर निर्माण समिति | ७०००० | ५६००० | ११२०० |
| २३३०(२०८०।०३।२२) | घटाल मन्दिर स्तरोन्नती | श्री घटाल मन्दिर व्यवस्थापन समिति | ३८६४० | ३०९१२ | ६१८२ |
| जम्मा | | | | | ३९२५६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,२५६ |

६२ **बढी ग्रेड भुत्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकालेनिम्नानुसार कर्मचारीलाई पारित तलबी प्रतिवेदन अनुसार ग्रेड रकम रू.२४,७५२। भुक्तानी दिनुपर्नेमा रू.३२,०३२। भुक्तानी दिएकोले बढी भुत्तानी भएको रकम रू.७९२७। मा कर्मचारी सञ्चय कोष वाफत थप भुक्तानी दिएको रकमसमेत सम्बन्धिबाट असुल गर्नुपर्ने रू.

| क्र.सं. | कर्मचारीको नाम र पद | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | १० प्रतिशत संचय कोष सहित बढी भुक्तानी |
|---|---|---|---|---|
| २ | अधिकृत छैटौं लक्ष्मी दत्त पाण्डेय | २४७५२ | ३२०३२ | ७९२७ |
| जम्मा | | २४७५२ | ३२०३२ | ७९२७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९२७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : शुक्लाफाँटा नगरपालिका, कंचनपुर , शुक्लाफाँटा नगरपालिका , कञ्चनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | टिकेन्द्रराज भट्ट | २०७८-८-८ | २०८०-१०-२१ |
| कार्यालय प्रमुख | खेमराज बिष्ट | २०८०-१०-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लोक राज भट्ट | २०७९-११-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,१०७,३८६.१८ | ४,७८४,३९८ | ४,८९२,९१७ | ० | ० | ५३५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ११,३१९,७०१.१८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,३१९,७०१.१८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७९६००९१३.९६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८४०७८००० | चालु खर्च | ३८२७४१७५०.०९ |
| प्रदेश सरकारबाट अनुदान | २४८४३४७६ | पूँजीगत खर्च | १६४१९९९८०.०२ |
| राजश्व बाँडफाँट | १२२७८२३३६.२३ | वित्तीय/अन्य व्यवस्था | २५०५८२०३३.५५ |
| आन्तरिक आय | २०३०९०६६.१६ | | |
| अन्य आय | २३४६०३०३६.४४ | | |
| कुल आय | ७८६६१५९१४.८३ | कुल खर्च | ७९७५२३७६३.६६ |
| बाँकी मौज्दात | | ६८६९३०६५.१३ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।